का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ वैशाख २०८२, बुधबार
16 April, 2025 Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक ७३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देश छाड्दै डाक्टर

■ २ वर्षमा साढे ६ हजार बिदेसिए

नेपाल मेडिकल काउन्सिलको तथ्यांकमा ३५ हजार चिकित्सक दर्ता छन् । तीमध्ये १२ हजार सार्वजनिक र निजी क्षेत्रमा कार्यरत छन् । बाँकी कि विदेशमा कि नेपालमै बेरोजगार छन्



पछिल्लो समय चिकित्सकहरुको विदेश पलायन तीव्र रुपमा बढिरहेको भन्ने विषयको समाचार केही हदसम्म सत्य र सही मान्न सकिन्छ

■ प्रदीप पौडेल
मन्त्री
स्वास्थ्य तथा जनसंख्या

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

रोजगारी र अवसरका लागि बिदेसिने नेपाली युवाहरूको संख्या बढ्दो छ । अदक्ष कामदार त गइरहेकै छन्, दक्ष जनशक्ति पनि रोजगारी र अवसर दुवैका लागि बिदेसिने क्रम बढ्दो रहेको सरकारी तथ्यांकले नै देखाउँछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत वर्षसम्म नेपाल मेडिकल काउन्सिलको तथ्यांकमा नेपालमा ३४ हजार ९१० चिकित्सकहरू दर्ता भएका छन्, जसमध्ये १० हजार ५८८ जना चिकित्सक स्नातकोत्तर तह उत्तीर्ण गरी परिषद्मा दर्ता भएका हुन् । हरेक वर्ष करिब २ हजार ७०० जना चिकित्सक नेपाल मेडिकल काउन्सिलमा नयाँ दर्ता भएका छन् ।

नेपाल स्वास्थ्य जनशक्ति रणनीतिले नेपालमा सन् २०३० सम्ममा करिब १६ हजार चिकित्सक आवश्यक रहने देखाएको छ भने हाल नेपालमा सार्वजनिक र निजी क्षेत्रमा गरी करिब १२ हजारको संख्यामा चिकित्सकको संख्या कायम रहेको छ ।

अर्थात्, नेपाल मेडिकल काउन्सिलको तथ्यांकमा ३५ हजार चिकित्सक दर्ता छन् । तीमध्ये १२ हजार सार्वजनिक र निजी क्षेत्रमा कार्यरत छन् । बाँकी कि विदेशमा कि नेपालमै वेरोजगार छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सोविता गौतमले संसद्को हिउँदे अधिवेशनमा यसबारे प्रश्न स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई गरेकी थिइन् । संसद् सचिवालयमा प्रश्न दर्ता गरेर सोधिएको प्रश्नको जबाफ मन्त्रालयले संसद् सचिवालयमा पठाएको छ, जसमा डाक्टरले »» पृष्ठ २ मा

## चिकित्सक पलायन रोक्न सरकार के गर्दै छ ?

चिकित्सक पलायन रोक्न र आवश्यक जनशक्ति पूर्तिका लागि सन्तुलन मिलाउन सरकार के गरिरहेको छ ?

सांसद गौतमले यो प्रश्न स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेललाई सोधेकी थिइन् ।

जबाफमा मन्त्री पौडेलले हालको मुख्य चुनौती भनेको चिकित्सकको वितरण रहेको बताएका छन् । अगाडि लेख्छन्, 'दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा विशेषगरी आधारभूत अस्पतालहरूमा चिकित्सकसहितको दरबन्दी स्वीकृत हुन नसकिरहेको अवस्था छ ।'

आधारभूत अस्पतालहरू स्थानीय तहअन्तर्गत रहेका र प्रदेशको समन्वयमा उक्त अस्पतालहरूको दरबन्दी »» पृष्ठ २ मा

मौसमी फ्लु रोकथामका उपाय

- विरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौ,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौ,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौ,
- सम्भव भएसम्म विरामी हुँदा घरमै बसौ,
- वेलावेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौ,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौ,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## २५ करोडका मालिक र भरियाविरुद्ध मुद्दा दायर



**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख ।

गत ४ चैतमा काठमाडौंको टोखास्थित झोरमा ट्रकमा भेटिएको २५ करोड बराबरको डलर र युरो प्रकरणका मालिक र भरियाविरुद्ध मुद्दा दायर भएको छ । ट्रक चालक र रकमका मालिक दुवै जनाविरुद्ध मंगलबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको हो ।

२५ करोड ३४ लाख ७८ हजार ८४२ रुपैयाँसहित पक्राउ परेका ट्रक चालक सिन्धुपाल्चोकका फुच्चे भनिने कुसाङ लामा र २५ करोडका मालिक भनिएका सिन्धुपाल्चोककै भोटेकोशी गाउँपालिका- ४ स्थायी घर भई टोखा नगरपालिका- १० बस्ने नारायण पौडेलविरुद्ध राजस्व अनुसन्धान विभागले मुद्दा दायर गरेको हो ।

मंगलबार काठमाडौं जिल्ला अदालतमा उनीहरू विरुद्ध मुद्दा दायर भएको राजस्व अनुसन्धान विभागकी प्रवक्ता कृष्णकुमारी श्रेष्ठले जानकारी दिइन् । दुवै जनालाई प्रतिवादी बनाएर विदेशी विनिमय (नियमन गर्ने) ऐन, २०१९ को दफा ३, ४, ५ र ९ अनुसारको कसुरमा मुद्दा दर्ता गरिएको श्रेष्ठको भनाइ छ ।

उनीहरूविरुद्ध बरामद भएको रकम २५ करोड »» पृष्ठ २ मा

# शिक्षकका माग सुन्दैन सरकार

## ऐन जारी नभएसम्म सडक नछाड्ने चेतावनी



नयाँ भर्ना अभियान, कक्षा १२ को परीक्षा कार्यक्रम र एसईईको उत्तर पुस्तिका परीक्षण नगर्ने महासंघको निर्णय

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

विद्यालय शिक्षा ऐन जारी गर्न माग राख्दै २० चैतदेखि सडक आन्दोलनमा ओर्लिएका शिक्षकका माग सम्बोधनमा सरकार गम्भीर नदेखिँदा विद्यार्थी भर्ना अभियान प्रभावित बनेको छ ।

सरकारले शैक्षिक सत्र २०८२ को भर्ना अभियान संचालन गर्न स्थानीय तह र देशभरका विद्यालयलाई परिपत्र गरे पनि देशभरका शिक्षकहरू १४ दिनदेखि शैक्षिक हडतालमा उत्रिँदा नयाँ शैक्षिक सत्रको शैक्षिक गतिविधि प्रभावित भएको हो । विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरणलगायत शैक्षिक गतिविधिमा संलग्न हुनुपर्ने शिक्षकहरू ७७ वटै जिल्लामा र ७ प्रदेशस्तरीय आन्दोलन परिचालन समिति नै बनाएर सडकमा ओर्लिएका छन् ।

भर्ना अभियानलाई पूर्ण रूपमा ठप्प बनाइएको आन्दोलनरत शिक्षकहरूले बताए । उनीहरूले काठमाडौंको माइतीघर- »» पृष्ठ २ मा

## सत्तारूढ राजनीतिक संयन्त्रको बैठक बस्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख ।

आज बुधबार उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बस्ने भएको छ । मंगलबार दिउँसो सत्ता गठबन्धन दलका २ शीर्ष नेता प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भेटपछि संयन्त्रको बैठक बस्ने सहमति भएको हो ।

पछिल्ला केही दिनयता सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसका महामन्त्रीलगायत नेताहरूले सरकारको कामकाजप्रति असन्तुष्टि जनाउँदै आएका छन् । कांग्रेस महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा, नेताहरू डा. शेखर कोइराला, एनपी साउदलगायतले सरकारले कामको गति बढाउन नसकेको भन्दै सार्वजनिक रूपमा प्रश्न उठाइरहेका बेला ओलीले विभिन्न बैठकहरू बोलाउन लागेका हुन् ।

यसैको पूर्वतयारीस्वरूप प्रधानमन्त्री ओलीले कांग्रेस सभापति देउवालाई मंगलबार भेटेर छलफल गरेका हुन् ।

सत्ता सहयात्री दल कांग्रेसका सभापति देउवासँगको भेटपछि प्रधानमन्त्री ओलीले उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बोलाएका प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठक बुधबार दिउँसो बालुवाटारमा बस्ने ओलीको सचिवालयको भनाइ छ ।

'पहिला संयन्त्र सदस्य मात्र बसेर पछि सभापति र प्रधानमन्त्री पनि बस्न सक्नुहुन्छ । एकै पटक पनि हुन सक्छ', संयन्त्रका एक सदस्यले भने, 'पछिल्लो राजनीतिक अवस्थाबारे बैठकमा छलफल हुन्छ । कसरी सरकार अगाडि बढ्ने र नियुक्तिका सवालमा पनि कुरा हुन सक्छ ।'

उच्चस्तरीय राजनीतिक संयन्त्रमा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार व्यवसायी संघ अब महासंघ हुने

## कार्यसमिति २७ सदस्यीय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख ।


नेपाल वैदेशिक रोजगार व्यवसायी संघ अब महासंघ हुने भएको छ भने कार्यसमिति २७ सदस्यीय हुने भएको छ । संघको हालै सम्पन्न ३० तथा ३१औं साधारणसभाले विधान संशोधन गरी संस्थाको नाम परिवर्तन र कार्यसमितिको संख्या बढाएको हो । संघको हालको कार्यसमिति ७ जना पदाधिकारी र १४ जना सदस्य गरी २१ सदस्यीय छ ।

संशोधित विधानअनुसार यसअघिको कार्यसमिति संरचना यथावत राख्दै १ जना महिला उपाध्यक्ष, १ उपमहासचिव र ४ जना सदस्य थप गरिएको हो । संशोधित विधानमा अध्यक्षले कार्यसमितिमा मनोनयन गर्ने ४ जना सदस्य यथावत् राखिएको छ ।

संघले आफ्नो विधानलाई समावेशी, महिलामैत्री र समय सापेक्ष बनाई कार्यसमितिमा महिलाको प्रतिनिधित्व बढाउन महिला उपाध्यक्षको व्यवस्था गरेको बताएको छ भने महासचिवको अनुपस्थितमा महासचिवले गर्नुपर्ने काम गर्न उपमहासचिव पद कायम गरिएको बताएको छ ।

महिला उपाध्यक्षले महिला व्यवसायीका समस्याको समाधानका लागि भूमिका खेल्दै संयुक्त राष्ट्रसंघीय संस्था यूएन ओमान, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम), राष्ट्रिय महिला आयोगलगायतसँग समन्वय र महिला व्यवसायीको हक हित प्रवर्द्धन गर्ने जिम्मेवारी विधानमा तोकिएको छ। भलाइ कोष संचालन गर्ने व्यवस्था पनि विधानमा छ । संघले कार्यसमितिमा उम्मेदवारी दिन »» पृष्ठ २ मा

## लोकतान्त्रिक एसोसिएसनबाट ३ पूर्वअध्यक्षसहित ४ जना निष्कासित



**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले विमलप्रसाद ढकालसहित ३ पूर्वअध्यक्ष र १ संस्थापक तथा पूर्वउपाध्यक्षसहित ४ जनालाई विधान »» पृष्ठ २ मा

# देशको स्थिति बुझाउन जागरण अभियान सफलः प्रचण्ड

**नवलपरासी/मस**–नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तराई-मधेस जागरण अभियान जनताको बीचमा आत्मसमीक्षासहित देशको स्थिति बुझाउन सफल भइरहेको बताएका छन् ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) बाट पुनः सुरू गरेको अभियानका क्रममा मंगलबार कावासोती पुगेपछि उनले जनतामा रहेको भ्रम र असन्तुष्टि चिर्न अभियान सफल बन्दै गएको बताए ।



'विगतमा हामीले सरकार र काठमाडौं केन्द्रित कुरामा अलि बढी ध्यान दियौं भन्ने कमजोरी स्वीकारेपछि देशव्यापी अभियान सुरु भएको छ । यसक्रममा आफ्नो विचार, मुद्दा, आफ्नो वर्ग समुदाय र जनतासँगको सम्बन्धलाई जोड्नुपर्छ भनेर हामी अभियानमा जुटेका हौं', अध्यक्ष दाहालले भने,'यो अभियानले जनतामा ठूलो उत्साह थपिरहेको छ । सबै वर्गका जनतामा सकारात्मक उभार आएको छ ।'

पछिल्लो परिवर्तन र गणतन्त्रको रक्षा गर्ने प्रमुख जिम्मेवारी माओवादीको भएकाले त्यो जिम्मेवारी पूरा गर्न जनताको घरदैलोमा हिंडेको र देशमा देखिएको असन्तुष्टि अन्त्यका लागि माओवादीले पहल गरिरहेको उनको भनाइ छ ।

काठमाडौंमा भइरहेको शिक्षकहरूको आन्दोलनबारे धारणा राख्दै पूर्वप्रधानमन्त्री दाहालले आफू प्रधानमन्त्री हुँदा शिक्षकहरूसँग गरेको सम्झौताअनुसार काम अगाडि बढेको दाबी गरे । वर्तमान सरकारले शिक्षकको जायज मागहरू पूरा गर्नुपर्ने र त्यसका लागि यसअघि भएका सहमतिलाई आधार मान्नुपर्ने उनको धारणा थियो । अभियानका क्रममा नेताहरूले यहाँका बेपत्ता तथा सहिद परिवारसँग भेटघाटसमेत गरेका थिए ।

# सुजनले तेस्रो पटक छेडे जिब्रो

**काठमाडौं/मस**-भक्तपुर मध्यपुरथिमि नगरपालिकास्थित बोडेमा जिब्रो छेड्ने जात्रा मनाइएको छ । जात्रामा स्थानीय सुजन बाग श्रेष्ठले तेस्रो पटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएका छन् । नाइकेहरूले विभिन्न देवगणको पूजा गरेपछि तेलमा डुबाइराखेको १० इन्च लामो सुइरोले पाँचो गणेशको प्रांगणमा रहेको पाटीस्थीत मञ्चमा सुजन बागको जिब्रो छेडिएको हो ।



चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्रांगाणमा लिंगो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर जिब्रो छेड्ने चलन छ । जिब्रो छेडेपछि चन्द्राकारको भ्वाय् अर्थात् महाद्वीप बोकेर टोल टोल घुम्ने र भाँगु टोलमा पुगेर पाँचो गणेश मन्दिरमा जिब्रो छेडेको सुइरो निकालेर महालक्ष्मी मन्दिरमा ठोकेपछि यो जात्रा सम्पन्न हुने परम्परा रहेको छ ।

दैवी शक्तिलाई आधार मानेर प्राचीनकालदेखि नै मनाइँदै आएको बोडेको सिंगो ऐतिहासिक, धार्मिक र संस्कृतिसँग सम्बन्धित यो जात्रा नीलबराही देवगणसँग सम्बन्धित रहेको छ ।

किंवदन्तीअनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भुतप्रेत, पिसाच, ख्याक तथा कंकालले बोडेका मानिसलाई धेरै दुःख दिने गर्थे । यो थाहा पाइ तान्त्रिक भीमदत्त त्यहाँ आएर तान्त्रिक विद्याअनुसार बोडेभरि पासो राखेर दुःख दिने पिसाचलाई समातेर उसको जिब्रो छेडी बलेको महाद्वीप बोकाएर बोडे घुमाएपछि यो जात्राको परम्परा चलेको किंवदन्ती रहेको छ ।

**मनाइयो सुथसिया जात्रा**

बिस्केट जात्राका अवसरमा मध्यपुरथिमिमा सिन्दुर खेलेर सुथसिया जात्रा मनाइएको छ । मंगलबार टोलटोलका देवता विराजमान खट जात्रा गरी बालकुमारी मन्दिर प्राङ्गणा २६ देवीदेवता विराजमान खटलाई ल्याएर बालकुमारीको परिक्रमा गराई धिमे, मुस्या बाजाको तालमा झुम्दै, नाच्दै र अबिर छर्कँदै हर्षोल्लासका साथ सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन् । थिमिमामात्र मनाइने यो जात्रामा एकअर्कामा सिन्दुर दलेर धिमेलगायत स्थानीय बाजाका तालमा नाच्दै हातहातमा चिराग बालेर खट बोकी बालकुमारीमा ३२ खट ल्याएर भव्य रूपमा मनाउने परम्परा छ । तर केही वर्षयता भने २६ खटमात्र जात्रामा सहभागी हुने गरेका छन् ।

यो जात्रामा मंगलबार बिहानै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट बाहिर निकालेको थियो । सोमबारदेखि विष्णुवीर र दक्षिण बाराहीको खटसमेत मन्दिरमा राखिएको थियो । बिहानै सिद्धिकालीको खट ल्याएर आफ्ना गणहरूसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरु भएको थियो ।

जात्रा सुरु भएपछि पमाहरु हातहातमा चिराग अर्थात् बत्ती लिएर नाइके प्रधानको अनुमतिमा बालकुमारीको खट उचालेपछि जात्रालाई दिगुटोलस्थित देवताघर परिक्रमा गराइएको थियो । यसैगरी विष्णुवीर, सिद्धिकालीलगायत देवीदेवताको खट ल्याएर यो जात्रा मनाइएको छ ।

थिमिमा ३२ देवीदेवताका खट सहभागी रथ बोकेर टोलटोल परिक्रमा गराई परम्परागत रूपमा मनाउँदै आएको यो जात्रा अहिले थिमि क्षेत्रमाा २३ वटा, नगदेशमा एक, बोडेमा सात, टिगनीमा एक छुटाछुटै स्थानमा खटजात्राका साथ सिन्दुर जात्रा मनाइने गरेको छ । यसमा थिमिको बालकुमारी, दक्षिणवाराही, विष्णुवीर, सिद्धिकाली, नगदेशको सिद्धिगणेश, बोडेको महालक्ष्मी र टिगनीको नीलवाराही मन्दिरका देवताका नेतृत्वमा खट बोकेर जात्रा गरी टोलटोलमा सिन्दुर खेल्दै मनाइन्छ ।

जात्रा प्रत्येक चोक, चौबाटो, घर र टोलमा पुग्दा घरका झ्याल, कौसी र छतबाट सिन्दुर छर्ने, फूल बर्साएर स्वागत गर्ने प्रचलन छ । जात्रामा काँयाबाजा, भुस्याबाजा, धिमेबाजा बजाएर देवताका खटलाई घुमाउँदै एकअर्कालाई सिन्दुर दल्ने, आपसमा सिन्दुर खेली स्थानीय जात्रालुहरू रमाइलो गर्ने भएकाले पनि यसलाई केही वर्षयता सिन्दुर जात्रा पनि भन्न थालिएको छ ।

**देश...**

पनि देश छाड्ने क्रम रहेको तथ्यांक समावेश छ । सांसद गौतमले सोधेकी थिइन्, 'पछिल्लो समय चिकित्सकहरूको वैदेशिक पलायन तीव्र रूपमा भइरहेको छ । चिकित्सकहरूको वैदेशिक पलायनको तथ्यांक के छ ?'

देशमा कति चिकित्सक जनशक्ति छन्, कति आवश्यक छन् ? पलायन रोक्न र आवश्यक जनशक्ति पूर्तिका लागि सन्तुलन मिलाउन सरकार के गरिरहेको छ ? भन्ने प्रश्न पनि समावेश थिए ।

जबाफमा स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले चिकित्सकहरूको वैदेशिक पलायन तीव्र रूपमा बढिरहेको भन्ने विषयको समाचार केही हदसम्म सत्य र सही मान्न सकिने बताएका छन् ।

मन्त्री पौडेलले जबाफमा लेखेका छन्, 'पछिल्लो समय चिकित्सकहरूको वैदेशिक पलायन तीव्र रूपमा बढिरहेको भन्ने विषयको समाचार केही हदसम्म सत्य र सही मान्न सकिन्छ ।'

नेपाल मेडिकल काउन्सिलको तथ्यांकअनुसार सन् २०२० देखि २०२३ सम्म ६ हजार ४६७ जना चिकित्सकहरूले विदेश जानका लागि नेपाल मेडिकल काउन्सिलबाट असल चारित्रिक प्रमाणपत्र लिएका छन् ।

सन् २०२० मा ८६९, २०२१ मा १ हजार ३२७, २०२२ मा १ हजार ९५४ र २०२३ मा २ हजार ३१८ चिकित्सकहरूले यस्तो प्रमाणपत्र लिएका थिए ।

असल चारित्रिक प्रमाणपत्र प्राप्त गर्ने दरलाई विदेश जाने एउटा प्रमुख सूचकका रूपमा मान्न सकिने मन्त्री पौडेलको जबाफ छ ।

यद्यपि, असल चारित्रिक प्रमाणपत्र लिएका सबै विदेश गए भन्न नमिल्ने पौडेलको तर्क छ ।

नेपालमै बढुवा हुन, संघसंस्थाहरूमा संलग्न भई काम गर्न र विदेशमा अध्ययन गर्न पनि पनि असल चारित्रिक प्रमाणपत्र चाहिन्छ ।

मन्त्री पौडेलले दिएको जानकारीमा आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको तथ्यांकअनुसार ५५ जना चिकित्सकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट 'स्टेटमेन्ट अफ निड'को प्रमाणपत्र लिई विदेशमा चिकित्सक विषयमा अध्ययन गरिरहेका छन् ।

**चिकित्सक...**

कायम गरी चिकितसकको दरबन्दी पूर्ति गर्दा चिकित्सकहरूको समतामूलक वितरण हुन सक्ने भनिएको छ ।

तत्कालका लागि निर्माण सम्पन्न भइसकेका आधारभूत अस्पतालहरूमा सरकारले छात्रवृत्ति करारका चिकित्सकहरू परिचालन गरी सेवा पुऱ्याउने नीति अवलम्बन गरिरहेको भनिएको छ ।

सरकारले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यापन सुरु गरेको छ । यसैगरी प्रस्तावित धर्मभक्त मेडिकल विश्वविद्यालयमा छिट्टै अध्यापन गर्नेगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय भइरहेको भनिएको छ ।

देशमा उत्पादित जनशक्तिलाई देशमै खपत गर्ने उद्देश्यले सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकायका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त गरी संगठन व्यवस्थापन सर्वेक्षणको कार्य भइरहेको भनिएको छ ।

अस्पतालहरूमा दरबन्दी संरचना कायम भइसकेपछि धेरै चिकित्सकहरू सरकारी सेवामा प्रवेश गर्ने र देशमै सेवा गर्ने अपेक्षा सरकारको छ ।

हाल कार्यरत चिकित्सकहरूको प्रोत्साहनको लागि अस्पताल विकास समिति, विभिन्न तहका सरकार हरूले चिकित्सकहरूलाई थप सेवा सुविधा उपलब्ध गराइरहेको स्थिति सरकारको दाबी छ । यसका साथै स्वास्थ्यकर्मीहरूलाई दुर्गम क्षेत्रमा कार्य गर्न प्रोत्साहनका लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय गरिरहेको मन्त्री पौडेलको जबाफ छ ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले मन्त्रीस्तरीय निर्णयअनुसार चिकित्सक र नर्सहरूको पारिश्रमिक बढाउने घोषणाअनुरूप काम भइरहेको पनि जबाफ दिएका छन् ।

**२५ करोडका...**

३४ लाख ७८ हजार ८४२ रुपैयाँ बराबरको बिगो र जरिमानासमेत मागदाबी गरिएको छ । मुद्दा दायर गरिएकामध्ये पौडेल भने फरार छन् ।

बरामद ट्रकलाई कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐनअनुसार जफतका लागि मागदाबी गरिएको छ ।

कुसाङ यसअघि यस्तै सुन प्रकरणमा पक्राउ परेर छुटेका व्यक्ति भएकाले थप सजायसमेत मागदाबी गरिएको छ । ४ चैत राति ना७ख १६५२ नम्बरको ट्रकमा लुकाएर चीनतर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले सिन्धुपाल्चोकका ४३ वर्षीय चालक लामालाई पक्राउ गरेको थियो ।

भोटेकोशी गाउँपालिका-१ का लामाले चालक सिट पछाडि फल्स बटम बनाएर उक्त रकम लैजाँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो ।

**शिक्षकका...**

नयाँबानेश्वर सडक खण्डमा दैनिक बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्म प्रदर्शन गर्ने गरेका छन् ।

विगतका शिक्षक प्रतिनिधिसँग गरेका सहमति कार्यान्वयन गर्दै शिक्षा ऐन जारी गर्नुपर्ने माग राखेका उनीहरूले सरकारविरोधी नारा-जुलुस, नाटक, प्रहसन, जादू देखाउने, कविता वाचन, नाचगानलगायत गतिविधि गरिरहेका छन् ।

२ हप्तासम्म आफ्ना मागबारे प्रधानमन्त्री तथा शिक्षामन्त्रीले बेवास्ता गरेर टार्न खोजेका भन्दै सरकारले सुन्ने र देख्नेगरी आन्दोलनलाई थप सशक्त बनाउने नेपाल शिक्षक महासंघका नेताहरूले बताएका छन् ।

अघिल्ला दिनभन्दा बिस्तारै आन्दोलनको रूप परिवर्तन हुन सक्ने आँकलन गरेर सरकारले प्रहरी संख्यासमेत बढाएको छ । महासंघले संसद्को वर्षे अधिवेशन तत्काल बोलाएर, विशेष अधिवेशन आह्वान गरेर वा अध्यादेशबाट शिक्षा ऐन जारी गर्नुपर्ने अडानलाई यथावत् राखेको छ ।

त्यस्तै, विद्यार्थी भर्ना अभियानमा सहभागी नहुने, कक्षा १२ को परीक्षा कार्यक्रममा सहभागी नहुने, एसईईको उत्तरपुस्तिका परीक्षण नगर्नेसमेत महासंघले निर्णय गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान सफल पार्न सबैलाई आग्रह गरेका छन् । प्रधानमन्त्री ओलीले सन् २०३० सम्ममा दिगो विकासका विश्वव्यापी लक्ष्यहरू हासिल गर्न विद्यालय शिक्षा साधारण प्राविधिकदेखि उच्च शिक्षासम्मका सिकाइलाई समावेशी र गुणस्तरीय बनाउनुका साथै सबै शिक्षण संस्थालाई उत्कृष्ट ज्ञान केन्द्रका रूपमा विकास गरी शिक्षालाई 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने माध्यम बनाउनुपर्नेमा जोड दिएका छन् ।

तर, उनले भर्ना अभियानमा चासो देखाए पनि सामुदायिक विद्यालय सुधारमा प्रधानमन्त्रीको भित्री आशय फरक रहेको शिक्षक नेताहरू बताउँछन् । सरकारले सामुदायिक विद्यालयमा अर्बौं लगानी गरे पनि प्रधानमन्त्री, मन्त्रीसहित राज्यका उच्च ओहदाका व्यक्तिहरूले निजी विद्यालयका पक्षका काम गरिरहेका उनीहरूको आरोप छ ।

नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना गर्न देशभरका स्थानीय तह र विद्यालयलाई सरकारले गरेको सर्कुलर बहिस्कार गर्दै शिक्षक महासंघले भने माग पूरा नभएसम्म आन्दोलनलाई निरन्तरता दिने जनाएको छ ।

महासंघले संसद्को वर्षे अधिवेशन तत्काल बोलाएर, विशेष अधिवेशन आह्वान गरेर वा अध्यादेशबाट शिक्षा ऐन ल्याउनुपर्ने अडान दोहोऱ्याउँदै आएको छ ।

शैक्षिक हडतालसहितको शिक्षक आन्दोलनले ७० लाख बालबालिका सहभागी हुने विद्यार्थी भर्ना अभियान प्रभावित हुने भएको छ भने एसईईको उत्तरपुस्तिका परीक्षण पनि रोकिएको छ ।

आन्दोलन अझै केही दिन जारी रहे ११ वैशाखदेखि हुने कक्षा १२ को परीक्षा पनि प्रभावित हुने छ । सोमबार साँझ बसेको महासंघ बैठकले विद्यार्थी भर्ना अभियानबाट शिक्षक अलग रहने, कक्षा १२ को परीक्षामा शिक्षक तथा कर्मचारी सहभागी नहुने र एसईईको उत्तर पुस्तिका परीक्षण पनि नगर्ने निर्णय गरेको थियो । शिक्षा मन्त्रालयको तथ्यांकअनुसार पारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका ७६ प्रतिशत छन् । आधारभूत तहको भर्ना दर ९४ र माध्यमिक तहको भर्ना दर ५६ प्रतिशत छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विद्यार्थी भर्ना कार्यक्रम संचालन गर्न ७५३ वटै स्थानीय तहलाई निर्देशन दिएको छ ।

स्थानीय तह मातहत नबस्ने मुख्य मागलाई संविधान संशोधनका बेला उठान गर्ने शर्तसहित उनीहरूले सरकारलाई २४ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । शिक्षक सेवा सुविधा, स्थायित्व, बढुवा, मर्यादाक्रमलगायतका विषय अहिले मुख्य मागका रूपमा रहेका छन् ।

सरकारले माग पूरा गर्ने भन्दा पनि शिक्षकलाई थर्काउने र विद्यालय फर्काउने हेपाहा प्रवृत्ति देखाएको एकीकृत अखिल नेपाल शिक्षक संगठनका महासचिव कुलप्रसाद खतिवडाले बताए । उनले भने, 'शिक्षा ऐन नल्याएसम्म हामी आमशैक्षिक अडताललाई कायमै राखेर सडक आन्दोलनलाई निरन्तरता दिन्छौं । सरकारले आमशिक्षकमाथि हेपाहा प्रवृत्ति देखाएको छ । प्रधानमन्त्री नै शिक्षा ऐन जारी गर्ने विषयमा गम्भीर हुनुहुन्न । उहाँ शिक्षकको आन्दोलन र जायज मागलाई खिसिटचुरी गर्दै हुनुहुन्छ, यसले हाम्रो आन्दोलन थप सशक्त बन्ने अवस्थामा छ ।'

विगत २०७५, २०७८ र २०८० सालमा सरकारसँग वार्ताबाट सहमति गरेर पनि सरकारले ती सहमति कार्यान्वयन नगरेपछि फेरि सडक आन्दोलनमा आउन बाध्य भएको खतिवडाको भनाइ छ ।

'पञ्चायती शासनकालमा बनेको शिक्षा ऐनअनुसार मुलुकको शिक्षा क्षेत्र चलेकाले यसलाई विश्व बजारमा बिकाउ हुनेगरी युगसापेक्ष शिक्षा ऐन ल्याइदिनुस् भनेका हौं तर सरकारले सुनेको छैन', उनले भने ।

विगतमा भएका सहमतिलाई ऐनमा समावेश गरेर कानुन जारी नगरेसम्म शिक्षक तथा शिक्षक कर्मचारीको छाता संगठन नेपाल शिक्षक महासंघको अगुवाइमा भएको आन्दोलन नरोकिने खतिवडाले दाबी गरेका छन् ।

शिक्षकहरूको माग सम्बोधन गर्न प्रधानमन्त्री केपी ओलीले चासो नदेखाएका भन्दै सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसभित्र असन्तुष्टि बढ्दै गएको छ । केही दिनअघि शिक्षक प्रतिनिधिहरू कांग्रेस सभापति शेरबहादुर देउवा निवास पनि पुगेका थिए । देउवाले शिक्षकको माग पूरा गर्ने आश्वासन दिएर फर्काएका थिए ।

महामन्त्री गगन थापाले शिक्षकहरूको माग सम्बोधन गर्नका लागि मन्त्रिपरिषद्ले गर्न सक्ने मागलाई सम्बोधन गरेर बाँकी कानुन बनाउने प्रतिबद्धतासहित शिक्षकहरूलाई कक्षाकोठामा फर्काउन सकिने सुझाव दिएका थिए । तर, प्रधानमन्त्री ओलीले यो विषयमा त्यति चासो दिएका देखिएको छैन । मंगलबार मात्र कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आन्दोलनरत शिक्षकको माग सम्बोधन गर्नेबारे छलफल चलाएका छन् । आन्दोलनरत शिक्षकहरूसँग सानेपामा भएको छलफलमा शिक्षकका माग सम्बोधनका लागि पहलकदमी लिने प्रतिबद्धता जनाका छन् ।

यद्यपि, २ पटकसम्म शिक्षा मन्त्रालयसँग संवाद र छलफलमा बस्दासमेत माग पूरा गराउन गम्भीर नदेखिएकाले आन्दोलन थप चर्काउने निष्कर्षमा पुगेको महासंघले जनाएको छ ।

**वैदेशिक...**

निर्वाचन समितिमा बुझाउने र कम पनि विधानमा नै तोकेको छ । यसअघि कार्यसमितिको निर्णयबाट तोकिने शुल्क साधारणसभाअनुसार फरक-फरक थियो । पारित विधानअनुसार अध्यक्षका उम्मेदवारले २५ हजार, प्रथम उपाध्यक्षले २२ हजार, द्वितीय उपाध्यक्षले २० हजार, तृतीय उपाध्यक्षले १८ हजार, महिला उपाध्यक्षले १७ हजार, महासचिवले १६ हजार, उपमहासचिवले १६ हजार, सचिवले १४ हजार, कोषाध्यक्षले १२ हजार र सदस्यका उम्मेदवारहरूले १० हजार बुझाउनुपर्ने व्यवस्था छ ।

संघले सल्लाहकारको संख्या पनि बढाएको छ । यसअघि ५ जना रहेको सल्लाहकार समिति अब ७ सदस्यीय हुने छ । संघले संघको नाम नेपाल वैदेशिक रोजगार व्यवसायी महासंघ बनाए पनि सदस्य संरचनामा परिवर्तन गरेको छैन । वैदेशिक रोजगार विभागबाट इजाजतपत्र प्राप्त व्यवसायी नै महासंघका सदस्य हुने छन् । संघको गरिमा र उचाइ बढाउनकै लागि महासंघ बनाएको बताइएको छ ।

संघले व्यवसायीको मासिक लेबी पनि बढाएको छ ।

विभिन्न कार्यक्रममा मासिक ८०० र इजाजतपत्रवाला व्यवसायीको मृत्यु वा गम्भीर रोग लागेमा सहयोग गर्न मासिक ५०० गरी मासिक लेबी अब १ हजार ३०० कायम गरिएको छ ।

नयाँ सदस्यलाई सदस्यता प्राप्त गर्न २५ हजार र ६ महिनाको एकमुष्ठ सदस्यता शुल्कबापत ६ हजार ६०० गरी ३१ हजार ६०० बुझाउनुपर्ने छ । यसअघि प्रवेश शुल्क ५ हजार र मासिक शुल्क ५०० रुपैयाँ थियो ।

संघको साधारणसभाले पारित गरेको संघको संशोधित विधान जिल्ला प्रशासन कार्यालयको स्वीकृतिपछि कार्यसमितिले कार्यान्वयनमा लैजाने छ ।

**लोकतान्त्रिक...**

विपरीत काम गरेको र चित्तबुझ्दो जवाफ नदिएको भन्दै निष्कासन गरेको छ ।

एसोसिएसनले पूर्वअध्यक्ष विमल ढकाल, प्रज्ञान न्यौपाने, कुमुद खनाल र नेपाली कांग्रेसकी केन्द्रीय सदस्य रहेकी संस्थापक तथा पूर्वउपाध्यक्ष सीता देवकोटालाई निष्कासन गरेको हो ।यसअघि एसोसिएसनको कार्यसमिति बैठकले सोधेको लिखित स्पष्टीकरणको कुनै जबाफ नदिएको भन्दै एसोसिएसनका कोषाध्यक्ष हिमा गुरुङ, पूर्वउपाध्यक्ष तथा कार्यवहाक अध्यक्ष सुजितकुमार श्रेष्ठ, पूर्वकार्यसमिति सदस्य ईश्वर सापकोटा, चन्द्रबहादुर लिम्बू र कर्णराज कटुवाललाई निलम्बन गरेको थियो ।

एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको चैत २९ गतेको निर्वाचनका लागि भुवनसिंह गुरुङको नेतृत्वमा प्रतिस्पर्धा गर्ने एसोसिएसनको संस्थागत निर्णयलाई बेवास्ता गरी केही सदस्यहरूलाई प्रथम उपाध्यक्ष, महासचिव र सदस्य पदमा उक्साएर नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी समूहको नरेश गेलाल नेतृत्वको समूहबाट उम्मेदवारी मनोनयन दर्ता गर्न लगाइ लोकतान्त्रिक एसोसिएसनको निर्णयविरुद्ध बागी उम्मेदवार बनाइ एसोसिएसनद्वारा घोषणा गरिएका उम्मेदवारलाई हराउने गरी उनीहरू लागेको कारबाही पत्रमा उल्लेख गरेको छ ।

एसोसिएसनले गत चैत २४ गते च.नं. ७१ मार्फत पठाएको सचेत पत्रलाई समेत बेवास्ता गरी बागी उम्मेदवारहरूको उम्मेदवारी फिर्ता गर्न नलगाएकाले एसोसिएसनको चैत २६ गतेको बैठकअनुसार विधानको दफा ९ को उपदफा १ र २ तथा १४ बमोजिम संस्थाले गरेको निर्णय विपरीत हुने गरी कार्य गरेकाले संस्थाबाट सदस्यतासमेत नरहने गरी निष्कासनको कारबाही किन नगर्ने भनि २४ घण्टाभित्र लिखित स्पष्टीकरण सोधिएको थियो ।

त्यसको जबाफ नदिएकाले मंगलबार बसेको कार्यसमितिको बैठकले विधानको दफा ८, ९ र १४ बमोजिम संस्थाबाट साधारण सदस्यतासमेत नरहने गरी निष्कासन गर्ने निर्णय गरिएको कारबाही पत्रमा उल्लेख छ ।

एसोसिएसनले नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति र नेपाली कांग्रेसका विभिन्न जिल्ला कार्यसमितिलाई कारबाही पत्रको बोधार्थ पठाएको छ । कारबाहीमा परेकाहरूको यस विषयमा सार्वजनिक रूपमा कस्तो प्रतिक्रिया आउने हो त्यो भने हेर्न बाँकी छ ।

एसोसिएसन पदाधिकारीहरूले निष्कासनको निर्णयअघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई जानकारी गराएर सहमति र समर्थन लिएको बताएका छन् । गत चैत २९ गते सम्पन्न संघको निर्वाचनमा कांग्रेसको शुभेच्छुक संस्था एसोसिएसनको आधिकारीक प्यानलबाट विजयी पदाधिकारी तथा सदस्यहरू मंगलबार शुभकामना लिन पार्टी सभापती देउवाको निजी निवास बुढानीलकण्ठ पुगेका थिए । सो अवसरमा कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री देउवाले बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दै वैदेशिक रोजगार व्यवसायी र कामदारको हकहितका लागि संघले उठाउने मुद्दामा पार्टीको साथ रहने प्रतिबद्धता समेत जनाएको भेटमा सहभागी एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले मध्यान्हलाई जानकारी दिए ।

**सत्तारुढ...**

पोखरेल, अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल छन् ।

त्यस्तै, कांग्रेसका तर्फबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा छन् ।

**खप्तड छेडेदह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
डोगडी, बाजुरा
(सुदूरपश्चिम प्रदेश, नेपाल)

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०३

यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालयद्वारा मिति २०८१/११/२८ गते बोलपत्र आह्वानका लागि प्रकाशित सूचना अनुसार E–Bid मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा यस कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट देहायको कार्यमा तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उफदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारिका लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | KCRM/NCB/W/08/2081-082 | Thela Uchaune Dekhi Matesaghu Khanepani Nirman | Masta Construction & Order Suppliers, KCRM-05, Bajura | रु. २०,७१,८०५।३१ (अक्षररुपी बिस लाख एकहत्तर हजार आठ सय पाँच रुपैया एकतिस पैंसा मात्र) |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# आईपीयूमा हैसियतका साथ नेपाल उपस्थित हुने छ : सभामुख

**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले आगामी दिनमा नेपालले अन्तर व्यवस्थापिका संघ (आइपीयू) मा हैसियतका साथ जानसक्ने उपलब्धि प्राप्त भएको बताएका छन् ।

मंगलबार सिंहदरबारमा आयोजित अन्तरव्यवस्थापिका संघ (आइपीयू) को १५० औं महासभाबाट नेतृत्व लिनुभएका डा.अञ्जान शाक्य र सोविता गौतमको स्वागत, सम्मान तथा संसदीय मामिला पत्रकारसँगको अनुभव आदानप्रदान कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । यो उपलब्धिलाई सम्मान गर्दै आगामी दिनमा नोपालले आफ्नो महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । गत वर्षको चैत्र २० गते सभामुख घिमिरेसहितको ९ सदस्यीय टोली अन्तरव्यवस्थापिका संघको १५० औं वार्षिक सभामा भाग लिन उज्वेकिस्तान गएको थियो । उनले अन्तर र्ाष्ट्रिय महत्वपूर्ण फोरमको कार्यकारी काम गर्ने ठाउँमा नेपाल पुगेको बताए । उनले एशिया प्यासिफिकको भएपनि त्यसको भूमिका धेरै महत्वपूर्ण हुने ठाउँमा नेपाल पुगेको दाबी गरे ।



सभामुख घिमिरेले भने,'अब हामी कमसेकम पनि एउटा अन्तर्राष्ट्रिय महत्वपूर्ण फोरमको कार्यकारी काम गर्ने ठाउँमा पुगेका छौँ । एशिया प्यासिफिकको भएपनि त्यसको भुमिका धेरै महत्वपूर्ण हुने ठाउँमा हामी पुगेका छौँ । यसको लागि खासगरी हाम्रो यहाँको संसदको सचिवालय, सिंगो सांसद र यसपालि जानुभएको डेलिगेशन र हाम्रो प्रयत्नलाई साथ दिनुहुने मुलुकहरु जसले हामीलाई भोट दिनुभयो, उहाँहरु सबै धन्यवादको पात्र हुनुहुन्छ । आगामी दिनमा आइपियुमा अब हामीले अलि हैसियतका साथ अगाडि जाने स्टेप (उपलब्धि) प्राप्ति भएको कुरामा म सबैको तर्फबाट यो उपलब्धिलाई सम्मान गर्दै यसमा जानुभएको मान्यज्युहरुलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।' सभामुख घिमिरेले यो उपलब्धिलाई नेपालले भरपुर उपयोग गर्नसक्नुपर्ने र आफ्नो नाम विश्वमाझ चिनाउन सक्नुपर्ने उल्लेख गरे ।

# मातृ तथा शिशु मृत्यु दरलाई शून्य बनाउन आवश्यक : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपालमा मातृ तथा शिशु मृत्युदर शून्यमै झार्ने लक्ष्यका साथ निरन्तर रुपमा अघि बढ्नुपर्ने बताएका छन् । उनले मातृ तथा शिशु मृत्युदर घटाउन नेपाल उल्लेखनीय रुपमा सफल भएको बताउँदै आगामी बजेटमा सरकारले प्रसूति उपचारलाई प्राथमिकतामा राख्ने गरी नै बजेट विनियोजन गरिने बताए ।



परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको मातृ तथा नवजात शिशु सिमुलेसन ल्याबको उद्घाटनका अवसरमा उनले भने, 'यो ल्याबको प्रभावकारिता दीर्घकालीन रुपमा कायम गर्नुपर्नेछ । यस्ता ल्याब अब सबै प्रदेशमा पनि विस्तार गर्नुपर्छ ।' यो ल्याब अस्पतालको कुपन्डोल शाखामा सञ्चालनमा ल्याइएको छ । वन हर्ट वर्ल्डवाइडको सहयोगमा निर्माण भएको सिमुलेसन ल्याब मातृ तथा नवजात स्वास्थ्य सेवा प्रदायकहरुको ज्ञान र क्लिनिकल सीपमा दक्षता हासिल गर्नमा प्रयोग हुनेछ ।

स्वास्थ्य मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले ल्याबको सञ्चालन र प्रभावकारिता वृद्धिमा ध्यान दिनुपर्ने बताए । उनले भने, 'जनशक्तिको चुनौती पनि छ । ल्याब सुरु गर्नु ठूलो कुरा हो तर त्योभन्दा ठूलो कुरा निरन्तर रुपमा सञ्चालन गर्नु हो ।'

मातृ शिशु स्वास्थ्य सेवा प्रदायहरुका लागि चिकित्सकीय विधिहरुको अभ्यास गर्न यस प्रयोगशालाले सहजता ल्याउने अस्पतालका निर्देशक डा.श्रीप्रसाद अधिकारीले बताए । उनले भने,'यस प्रयोगशालाले चिकित्सकीय सीप सिक्ने तथा सिकाउने र नयाँ सीपमा दक्षता विकास गर्न एवं उच्च सीपयुक्त रही कार्यसम्पादन गर्न मद्दत पुग्ने अपेक्षा छ ।'

# सरकारले गति लिन सकेन : महामन्त्री थापा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकका अपेक्षा पूरा गर्नका लागि सरकारले गति लिन नसकेको बताएका छन् ।

मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले दुई ठूला राजनीतिक दलहरु मिलेर सरकार बनाएपछि संविधानमा बदलाव ल्याउनेदेखि विकास निर्माणका कामलाई तिब्रता दिने अपेक्षा गरेपनि त्यसअनुसार काम हुन नसकेको जिकिर गरे । उनले सरकारी काम कारबाहीमा सुधार, सुशासन प्रवर्द्धन लगायतका विषयहरुमा सरकारले जोड दिँदै काम गर्ने अपेक्षा गरेपनि सरकार ट्याक्टरको गतिमा अघि बढिरहेको बताए ।

महामन्त्री थापाले सरकारले नागरिकको अपेक्षाको गतिअनुसार काम गर्न नसकेको स्वीकार गरे ।



महामन्त्री थापाले भने, 'हामीले के ठानेका थियौं भने दुई वटा ठूला ठूला पार्टी मिलेर सरकार बनिसकेपछि संविधानमा पनि केही कुरा बदलाव ल्याउने कुरा तत्काल प्रारम्भ गर्छौं । खासगरी गभर्नेन्समा व्यापक सुधार गर्छौं । व्यक्तिगत रुपमा त मैले यस पटक केही भूमिका लिनुपर्छ भन्दै गर्दा म सरकारमा बसेर भुमिका लिन्न तर यो सरकार सफल बनाउने, यो सरकारले परिणाम दिने कुराको सन्दर्भमा व्यक्तिगत रुपमा वार फुटिङमा काम गर्दछु, व्यक्तिगत रुपमा जोखिम उठाउन, गाली खान तयार छु, किनभने अब काम गर्नुपर्छ । परिणाम दिनुपर्छ, जिम्मा पनि लिनुपर्छ । विशेष गरी इकोनोमिक फण्डमा काम गर्ने हो । त्यस कारणले शुरुको चरणमा जोतिएर गएर काम गरेको पनि हो । उत्साहका साथमा धेरै कुरा बदल्ने भनेर लागेको पनि हो । तर विस्तारै के लान थालेको छ भने देशलाई कंकर्डको स्पिड चाहिएको छ । आज एउटा, भोलि एउटा, पर्सि एउटा, एउटा माहोल बनाउनुपर्नेछ, यहाँ राम्रो भएको छ भनेर । सरकार ट्याक्टरको स्पिडमा छ । मान्छेको अपेक्षाको गतिअनुसार काम हुन सकेको छैन । गति नै पक्रन सकेन ।' महमन्त्री थापाले युद्धस्तरमा काम गर्नुपर्ने भएपनि नेतृत्व तहबाट काम हुन नसकेको आरोप लगाए ।

# त्रिवि उपकुलपतिको जिम्मेवारी प्रा.डा. केसीलाई



**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीलाई दिइएको छ ।

कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले प्रा.डा. केसीलाई अर्को व्यवस्था नभइञ्जेलसम्मका लागि उपकुलपतिको जिम्मेवारी दिएका हुन् । कुलपति ओलीले प्रा.डा. केसीलाई बढीमा तीन महिनाका लागि जिम्मेवारी दिएका हुन् । पदपूर्ति नभएसम्मका लागि त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २१ (ख) बमोजिम कुलपति ओलीको गत चैत ३१ गतेको निर्णयानुसार केसीलाई उक्त जिम्मेवारी तोकिएको हो । यसअघि प्रा.डा. केशरजंग बराललले उपकुलपतिबाट राजीनामा दिएपछि उक्त पद खाली थियो । गत बिहीबार कुलपति ओलीले उपकुलपति बराललले चैत १५ गते दिएको राजीनामा स्वीकृत गरेका थिए ।

# थप २ व्यवसायीमाथि कारबाही

**काठमाडौं/मस–** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले मंगलबार थप २ व्यवसायीमाथि कारबाही गरेको छ । विभागका अनुसार करेन्ट गुट्खा, भोला गुट्खा, भोला पावर खैनी र जीत खैनीको बिक्री वितरण रोक्का गरिएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को उल्लंघन गरेको भन्दै विभागले उपत्यकाकै डिलरका रूपमा रहेको ललितपुर स्थित पशुपति इन्टरनेश्नल बिजनेस प्रा.ली.लाई कारबाही गरी ३ दिन भित्र कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिएको छ । उक्त प्रा.लि.ले बिक्री वितरण गर्ने गुट्खा तथा खैनीको कारोबार रोक्का गरिएको हो ।

यस प्रा.लि.का सामग्रीहरूमा तौलमा समेत कैफियत देखिएकाले देशैभर कारोबार रोक्का गर्न निर्देशन गरिएको विभागले जनाएको छ । यसै गरी पशुपति ट्रेडिङ्ग कन्सर्न काठ्माडौंलाई पनि कागजातसहित ३ दिनभित्र विभागमा उपस्थित हुन सूचना दिएको छ ।

# राजस्व छली आरोपमा मुद्दा दायर

**लुम्बिनी/मस–** रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-८ लुम्बिनी गेट नजिककै सञ्चालनमा रहेको सुन्दर हार्डवेयर एण्ड प्लाइउड पसलविरुद्ध राजस्व चुहावट तथा राजस्व छली गरेको आरोपमा मुद्दा दायर भएको छ ।




उक्त पसलका सञ्चालक जोगेन्द्र अग्रहरीले मालवस्तु खरिद गरेको स्टक नचढाएको, बिल बिजकनै जारी नगरी सामान बिक्री गर्ने गरेको तथा बिक्री भएको मालवस्तुको अभिलेख नराखेको अनुसन्धानबाट देखिएकाले राजस्व अनुसन्धान कार्यालय, बुटवलले मंगलबार उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक कृष्ण कुमारी श्रेष्ठले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

राजस्व कार्यालयको अनुसन्धानमा उक्त पसल सञ्चालकले राजस्व कार्यालयमा पेस गरेको मौज्दात विवरणभन्दा पसलको गोदाममा अधिक मालवस्तु फेला परेको र ती मालवस्तुको खरिद तथा भन्सार पैठारीसम्बन्धी कुनै कागजात प्रमाण निजले पेस गर्न नसकेका कारण कारोबार कर छल्ने उद्देश्यले न्यून बिक्री देखाइ राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ (संशोधन सहित) को दफा ४(छ) र (झ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले मुद्दा दायर गरिएको राजस्व अनुसन्धान कार्यालय, बुटवलका कार्यालय प्रमुख बिवेक घिमिरेले जानकारी दिए ।

राजस्व अनुसन्धान कार्यालयले प्राप्त तथ्य र प्रमाणको आधारमा सुन्दर हार्डवेयर एण्ड प्लाइउडका प्रोप्राइटर जोगेन्द्र अग्रहरीले सञ्चालन गरेको पसल तथा गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गरिएको र बिलबिजक, खरिद खाता, बिक्री खातालगायत अन्य आवश्यक कागजात तथा मालवस्तुको भौतिक गणना गरी विश्लेषण प्रतिवेदनअनुसार निजले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरेको पुष्टि हुन आएकाले मुद्दा दायर गरिएको प्रमुख घिमिरेले जानकारी दिए ।

उक्त मुद्दामा प्रतिवादी सुन्दर हार्डवेयर तथा प्लाइउड पसलका सञ्चालकले राजस्व चुहावटको प्रकृति, गाम्भिर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई विश्लेषण गरी रु.५४ लाख ४१ हजार बिगो र सोही बमोजिम शतप्रतिशत जरिवाना र कानुन बमोजिम हदैसम्मको कैद सजाय मागदाबी लिइ मुद्दा दायर गरिएको घिमिरेले जानकारी दिए ।

# प्रज्ञाप्रतिष्ठानको पुस्तक प्रदर्शनीमा ४० देखि ६० प्रतिशतसम्म छुट

**काठमाडौं/मस–** 'सबै भाषा,सबै ज्ञान,सबैको प्रज्ञा-प्रतिष्ठान'भन्ने उद्घोषसहित नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानको भानुभक्त कक्षमा पुस्तक प्रदर्शनीको समुद्घाटन गरेका छन् ।

उक्त पुस्तक प्रदर्शनी मंगलबारदेखि १८ गतेसम्म रहने छ । उक्त प्रदर्शनीमा २०७० सालअघि प्रकाशित भएका पुस्तक तथा पत्रिकाहरू ६० प्रतिशत छुट र २०७१ सालयता प्रकाशित भएका पुस्तकहरू खरिद गर्ने व्यक्ति वा संस्थाका लागि विशेष ४० प्रतिशतको छुट दिइएको छ ।



प्रदर्शनीमा अमरकोश, नेपाली साहित्यकोश,कौटिल्यको अर्थशास्त्र, जाँ ज्याक रुसको कन्फेसन्स, ईषाादि नौ उपनिषद्, ग्रिक महाकवि होमरको ओडिसी, हरेराम जोशिको प्राचीन अभिलेख, गुमानसिंह चाम्लिङको एरिस्टोटल र उनका काव्य शास्त्र'पेरी पोइएतिकेस' लगायतका पुस्तकहरू प्रदर्शनीमा राखिएको छ । साथै नेपाली भाषा, साहित्य, संस्कृति, कला, इतिहास, दर्शनशास्त्र र समाजशास्त्र लगायतका पुस्तकहरू प्रदर्शनीमा राखिएको छ ।

प्रज्ञा-प्रतिष्ठानका पुस्तकहरू पाठकसामू पुर्याएर पठन संस्कृतिलाई विस्तार गर्न उक्त प्रदर्शनीले सहयोग पुऱ्याउने छ । प्रदर्शनीमा अनुसन्धानात्मक, संस्कार र संस्कृति तथा विभिन्न भाषाका कोशहरू राखिएको छ ।

# लागुऔषधको नशामा बहिनीको हत्या



**काठमाडौं/मस–** ललितपुरमा आफ्नै बहिनीको हत्या आरोपमा दाजु पक्राउ परेका छन् ।

प्रहरीले ११ वर्षीया बहिनीको हत्या गरेको आरोपमा १५ वर्षीय दाजुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

गत चैत ४ गते भएको हत्याको बारे प्रहरीले चैत २९ गते जानकारी पाएको थियो । अहिले किशोरलाई अनुसन्धानका लागि ललितपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

ललितपुर महानगरपालिका १२ मंगलबजार बस्ने भगबती बोहराले उनकी ११ वर्षीया छोरी चैत ४ गते राति साढे ९ बजेपछि हराएको भनी जिल्ला प्रहरी परिसर ललितपुरमा निवेदन दिएकी थिइन् ।

घटनाको २५ दिनपछि गत चैत २९ गते ललितपुर वडा ९ खपिन्छेँस्थित बाबुराजा अवालेको पुरानो घरको भुइँतलामा रहेको पानी ट्यांकीमा सडेगलेको अवस्थामा शव फेला परेको थियो । घटनाको उपत्यका अपराध अनुसन्धान कार्यालय तथा पीआरसीबी ललितपुरको टोलीले जिल्ला प्रहरी परिसर ललितपुर समेतको सहयोगमा विभिन्न विधि र प्रविधि प्रयोग गरी अनुसन्धान गरेको थियो । सो क्रममा १५ वर्षीय दाजुले हत्या गरेको खुलेको प्रहरीले जानकारी दिएको छ ।

बझाङ सुर्मा गाउँपालिका ४ घर भइ हाल जिल्ला ललितपुर वडा १२ मंगलबजार बस्ने मदन बोहरा र भगवती बोहराको छोरी ११ वर्षीया दुर्गा बोहरा चैत ४ गतेदेखि हराएकी थिइन् । यसअघि बाबुराजा अवालेको उक्त घरमा बोहरा परिवार भाडामा बसेको र गत फागुन २५ गते अन्यत्र डेरा सरेका थिए । चैत ४ गते ती किशोर र उनकी बहिनी पहिला डेरामा बस्ने गरेको अवालेको घरतर्फ जाँदै गरेको सीसीटिभी फुटेजमा देखिएको थियो ।

दाजु बहिनीसँगै गएको फुटेज भेटिए पश्चात दाजुमाथि शंका लागि सोधपुछ गर्दा उनले कोठा सर्दा छुटेका कपडाहरु लिन दाजुबहिनी गएकोमा सामान्य विवाद हुँदा बहिनिलाई पिटी उक्त ठाउँमा रहेको नाइलनको डोरीले पछाडिबाट घाँटी कसेर भुइँमा लडाईं छोडी भागेको बताएका थिए ।

दाजुबहिनीले नै लागुऔषधको ट्याबलेट खाएको र त्यसको नशामा भएकाले त्यस्तो घटना हुन गएको ती किशोरले बताएका छन् ।

चैत ५ गते बिहान नशाले छोडेपछि आफूले बहिनीमाथि गरेको आक्रमण सम्झी घटनास्थलमा गइ हेर्दा बहिनीको मृत्यु भएको र बहिनीको शव भुइँतल्लाको भऱ्याङको छेउमा देखेपश्चात ट्यांकीमा हाली सिमेन्टले बनाएको ढक्कन लगाइ छोपेर छोडी गएको ती किशोरले प्रहरीसँगको बयानमा बताएका छन् ।

# त्रिविको ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेट अनलाइनबाट लिन सकिने



**काठमाडौं/मस–**त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेटका लागि मंगलबारदेखि अनलाइन सेवा सुरु गरेको छ । परीक्षा नियन्त्रक पुष्पराज जोशीले एक सूचना जारी गर्दै मंगलबार बिहान ११ बजेदेखि सो अनलाइन सेवा सुरु गरिएको जानकारी दिएका छन् ।

अनलाइन सेवा सुरु भएपछि परीक्षा नियन्त्रण कार्यालय बल्खु पुगेर अब कागजी फारम भर्ने र त्यो बुझाउन लाइन लाग्नुपर्ने झन्झटबाट मुक्ति मिल्ने भएको छ । जोशीले तत्कालका लागि ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेटको आवदेनका लागि अनलाइन सेवा सुरु गरिएको र अन्य सेवाहरु क्रमशः लागू गर्दै लैजाने योजना रहेको बताए । अनलाइनबाट लगइन गरी दिइएको निर्देशन अनुसार फारम भर्न सकिने पनि जोशीले जानकारी दिए ।

# विमानस्थलबाट गाँजासहित १ पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट छ किलो ९७० ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा २७ वर्षीय भारतीय नागरिक भिसाक भिजयन रहेको विमानस्थलका सुरक्षा प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

उनले भने, 'थाई एयरको उडानमार्फत बैंकक हुँदै गएराति नेपाल आएका उनको लगेज जाँचका क्रममा उक्त परिणामको गाँजा फेलापरेपछि पक्राउ गरिएको हो ।' भिजयनलाई थप अनुसन्धानका लागि लागुऔषध ब्यूरो कोटेश्वर पठाइएको छ ।

VACANCY ANNOUNCEMENT
We are seeking for following applicants:
• PRO : 3 Male/Female
* सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव भएको हुनुपर्ने ।
Attractive salary for the deserving candidates
Sent Your CV on: info@aviosupporthr.com
Govt.Lic.No 1574/079/080
AVIOSUPPORT HUMAN RESOURCES PVT LTD
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.

मध्यान्ह
www.madhyanhadaily.com

३ वैशाख २०८२ बुधबार
16 April 2025, Wednesday

## सम्पादकीय

# नियामक निकायमै चलखेल

सर्वोच्च अदालतले गभर्नर नियुक्ति मापदण्डबारे सरकारले गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको छ । न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले गभर्नर नियुक्त गर्दा उमेर हद लागू नहुने सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको हो । गत २७ फागुनमा सरकारले गभर्नर नियुक्त गर्दा लाग्ने ६५ वर्षे उमेर हद हटाउने निर्णय गरेको थियो । तर, उमेर हद हटाउने निर्णय यथास्थितिमा राख्न सर्वोच्चले अल्पकालीन आदेश दिएसँगै सरकारी चाहनामा ठेस लागेको छ । विकसित राजनीतिक परिस्थिति जस्तो देखिन्छ, त्यस आधारमा पनि अब गभर्नर नियुक्तिबारे सरकारी चाहना पूरा हुने देखिँदैन किनकि सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेबीच गर्भनर नियुक्तिबारे चर्को मतभेद देखिएको छ ।

गभर्नर कुन दलले लिने भन्ने कुरा नमिल्दा सरकार नै ढल्नेसम्मको विश्लेषण भइरहँदा सर्वोच्चको अल्पकालीन आदेश आएको हो । अदालतको आदेश आउनुअघि उमेर हद हटाउने निर्णयको चर्को विरोध भइरहेको थियो । पात्र निश्चित गरेर उमेर हद हटाउने निर्णय गरिएको टिप्पणी भइरहेको थियो । उमेर हद हटाउने निर्णयबारे सरकारले चित्तबुझ्दो जबाफ दिन नसक्नुले पनि कुनै अमूक व्यक्तिलाई गभर्नर बनाउनकै निम्ति सरकारले मापदण्ड परिवर्तन गरेको आरोपमा बल पुग्थ्यो । उमेर हद हटाउने निर्णय कार्यान्वयन नभए पनि गभर्नरमा राजनीतिक भागबन्डा हुने लगभग निश्चित देखिएको छ । अघिल्ला गभर्नर नियुक्तिको प्रवृत्ति हेर्दा पनि राजनीतिक भागबन्डा हुने लगभग पक्का छ । कार्यकाल सकिएर बिदा हुँदै गरेका गभर्नर महाप्रसाद अधिकारी एमालेको अर्थ विभागका सदस्य थिए ।

त्यसअघिका गभर्नरहरू पनि दलीय समर्थन वा साथ पाएरै नियुक्त भएका पर्याप्त उदाहरणहरू छन् । त्यसैले, यस पटक पनि सत्ता समीकरणमै समस्या आउनेगरी गभर्नर नियुक्ति प्रकरण चर्किनुमा विगतको असर परेको बुझ्न सकिन्छ । अझ विपक्षी र सत्तारूढ नेताहरूबाटै बिचौलियाको चलखेलमा गभर्नर नियुक्ति हुने गरेको अभिव्यक्ति सार्वजनिक भइरहेका छन् । यसरी विगतका नजिर, वर्तमानका चलखेल र अदालतको आदेशले गभर्नर नियुक्ति प्रक्रियामा कुन हदसम्मको विकृति छ भन्ने बुझ्न सकिन्छ । देशको अर्थतन्त्र नियमन गर्नुपर्ने निकायका प्रमुखमा दलीय र स्वार्थ समूहको चाहना पूरा गर्न हुने गरेका गलत अभ्यासहरू छर्लंग भएका छन् । कुनै स्वार्थ समूह वा नेताको चाहनाबमोजिम नियुक्त हुने गभर्नरले देशको अर्थतन्त्रलाई प्रभावकारी नियमन गर्नेमा पर्याप्त शंका गर्न सकिन्छ । त्यसैले, गभर्नर नियुक्ति प्रक्रियामा देशको मूल नेतृत्वले गम्भीर समीक्षा गर्न आवश्यक छ ।

# नेपालमा रेल : वास्तविक कि मिथ्या योजना ?

*सरकारको वार्षिक बजेटमा रेललाई १ प्रतिशत पनि बजेट छुट्याइएको छैन । त्यो पनि खर्च हुने अवस्थामा छैन । यस्तो अवस्थामा रेल नेपालमा व्यवसायिक हिसाबले सञ्चालन होला त भन्ने प्रश्न अझ जटिल बन्दै गएको छ...*

अग्रलेख



● निरज अधिकारी

नेपाल सरकारको योजनाअनुसार देशमा रेल सेवा संचालन गरी यातायात क्षेत्रलाई सस्तो, सुरक्षित र सहज बनाउने सपना पालिएको २ दशक पुग्न लाग्यो । तर, आज पनि त्यो सपना केवल भाषण र कागजी योजनामा सीमित भएको छ । सरकार, खासगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको उदासीनता, रेल विभागको निष्क्रियता र जनताको चर्कंदो पीडा, यी सबैले यो योजना असफलताको यात्रामा हिँडिरहेको स्पष्ट देखिन्छ ।

प्रधानमन्त्रीको सपना साकार पार्ने समर्पित टोली छैन । वर्तमान प्रधानमन्त्रीले पटक-पटक 'रेलमार्ग विकास हाम्रो सरकारको प्रमुख प्राथमिकता हो' भन्ने अभिव्यक्ति दिएका छन् । भारतसँगको व्यापारिक मार्ग सहज पार्ने, चीनसँगको सम्पर्क खोल्ने, आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने, आर्थिक समृद्धिको मेरुदण्ड बनाउनेजस्ता महत्त्वाकांक्षा बोकेका छन् तर विडम्बना ! प्रधानमन्त्रीको यो सपना साकार पार्ने कार्यान्वयन टोली आजसम्म बनेको छैन ।

न प्रधानमन्त्री कार्यालयमा यो विषयको निगरानी गर्ने संयन्त्र छ, न त मन्त्रालयले कुनै समर्पित परियोजना कार्यान्वयन इकाई खडा गरेको छ । सपना देख्ने मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने जनशक्ति र नीतिगत प्रतिबद्धता पनि जरुरी हुन्छ । रेल विभाग नाममा छुट्टै संरचना बनाइएको भए पनि सो विभागको काम कहिल्यै जनताले महसुस गर्न पाएनन् ।

न विभागसँग आफ्नो बजेटको प्रभावकारी उपयोग गर्ने योजना छ, न त दक्ष प्राविधिक टोली । विभागले सर्वेक्षण गर्ने, एकाध नक्सा बनाउने, अध्ययन भ्रमण गर्न जानेबाहेक जनताका लागि कुनै सेवा उपलब्ध गराउन सकेको छैन । आजको दिनमा नेपाल सरकारअन्तर्गत रेल विभाग, रेलवे कम्पनी र रेलवे बोर्ड गरी ३ वटा फरक-फरक कार्यालय छन् । तर, कामको हिसाबले शून्य प्रगति भएको छ ।

सरकारको वार्षिक बजेटमा रेललाई १ प्रतिशत पनि बजेट छुट्ट्याइएको छैन । त्यो पनि खर्च हुने अवस्थामा छैन । यस्तो अवस्थामा रेल नेपालमा कहिले आउला भन्ने प्रश्न अझ जटिल बन्दै गएको छ । रेल सपना होइन, आवश्यकता हो । तर, सपना देखाएर जनतालाई दुःख दिने काम अब रोकिनुपर्छ ।

सरकारले जिम्मेवारी नलिएसम्म यस्ता सपना राजनीतिक अस्त्र मात्र बन्ने छन् । सबैभन्दा दुःखद् पक्ष भनेको रेलमार्ग निर्माणमा धेरैजसो किसानहरू, सामान्य वर्गका जनता, जसको जमिन अधिग्रहण गरेर सरकारले रेलमार्ग बनाउने भन्यो, उनीहरूले अझै पनि मुआब्जा पाएका छैनन् । न त ती जनताले विकास भएको देख्न पाएका छन् ।

विगत ८-१० वर्षमा रेल विभागमा १-२ जना महानिर्देशक छाडेर सबै अवकाशको समयमा आउने समय कटाएर जानेबाट थाहा हुन्छ, रेल सपना मात्र हो र रेल कागजमा सीमित छ ।

प्रधानमन्त्री ओलीको सपना, सपनामै सीमित छ किनकि त्यो कार्यान्वयन भएको देखिन्नँ । काठमाडौं उपत्यका मेट्रो रेल तथा काँकडभिट्टा-इनरुवा रेलमार्गको मुआब्जा वितरण आर्थिक वर्ष २०७६/०७७ मै ओली सरकारको पालामा जग्गा रोक्का राखी वितरणका लागि २ अर्ब रकम पठाइएको थियो । तर, हालसम्म पनि त्यो वितरण हुन सकेन । त्यसपछिका वर्षहरूमा विनियोजन गरिएको झन्डै ८ अर्ब रकम फ्रिज गरेर फिर्ता पठाइएको छ ।

विगत ५ वर्षदेखि अविच्छिन्न रूपमा काठमाडौं उपत्यका मेट्रोरेलको डीपीआर तयार गर्न बजेट विनियोजन मात्र हुने गरेको छ तर कामचाहिँ



केही हुँदैन । चालू आर्थिक वर्षमा १५ करोड विनियोजन भएको र प्रधानमन्त्री कार्यालयको माइलस्टोनमा प्रारम्भिक प्रतिवेदन प्राप्त भएको नतिजा देखाइएको भए तापनि डीपीआरका लागि सूचनासमेत निष्कासन भएको देखिँदैन । गोरखामा पोडवेका लागि करिब १ करोड ६० लाख बजेट विनियोजन भए तापनि मन्त्रालय, रेल विभागसँग कुनै कार्ययोजना छैन ।

रेलसम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम तथा तालिमहरूमा मन्त्रालय तथा सडक विभागबाट भागबन्डा मिलाएर पठाएको देखिएको छ । चीन सरकारको सहयोगमा भएको मेट्रोसम्बन्धी कार्यक्रममा प्रत्यक्ष संलग्न कर्मचारी नपठाएर मन्त्रालय तथा सडक विभागबाट पठाएको देखिन्छ ।

करिब ४ अर्ब विनियोजन रहेको रेल विभागका महानिर्देशक ५ महिनामा ६ प्रतिशत पुँजीगत बजेट खर्च गर्छन् र बजेट माग गरेको नक्कली देखावटी गर्छन् किनकि उनीसँग करिब ३ अर्ब बजेट खर्च हुने कुनै कार्ययोजना नै छैन ।

रेल विभागले काँकडभिट्टा-इनरुवा रेलमार्गका लागि थप बजेट मागेर अर्थ मन्त्रालयमा फाइल पठाएको बताइरहेको छ तर आफैंसँग भएको बजेट खर्च गर्ने अवस्थामा विभाग छैन ।

नेपालमा रेलसम्बन्धी योजना आर्थिक वर्ष २०६५/०६६ मा सुरु भई हालसम्म करिब ३२ अर्ब लगानी भएको देखिन्छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिबास-चोचा खण्डको ७० किलोमिटर अन्तर्देशीय रेलमार्गअन्तर्गत जयनगर-जनकपुर-बर्दिबास खण्ड ६९ किमी, बथनाहा-विराटनगर १३ किमी (नेपालतर्फ)को जग्गा प्राप्तिका लागि १६ वर्षको अवधिमा करिब १० अर्ब खर्चेर ६०० बिघा अधिग्रहण गरेको देखिन्छ भने करिब १८ अर्ब खर्चेर ७० किमी ट्र्याकवेड तथा १६ वटा रेल पुलहरू निर्माण भएको देखिन्छ ।

बर्दिबासबाट सुरु भएर चोचाको जंगलमा पुऱ्याइएको निर्माणाधीन खण्ड निजगढ फास्ट ट्र्याकसम्म पुऱ्याएर रेल संचालन गरिए मात्र उपलब्धिमूलक हुने देखिन्छ ।

> न प्रधानमन्त्री कार्यालयमा यो विषयको निगरानी गर्ने संयन्त्र छ, न त मन्त्रालयले कुनै समर्पित परियोजना कार्यान्वयन इकाई खडा गरेको छ । सपना देख्ने मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने जनशक्ति र नीतिगत प्रतिबद्धता पनि जरुरी हुन्छ...

### सरकारलाई केही सुझाव

यदि साँच्चिकै सरकारको प्राथमिकतामा रेल हो भने, योजनामा क्रमबद्ध काम गरिनु आवश्यक छ, जसबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

- प्रधानमन्त्री कार्यालयअन्तर्गत 'रेल विकास कार्यान्वयन टोली' गठन गरिनुपर्छ ।
- प्रत्येक रेल परियोजनामा जनसहभागिता सुनिश्चित गर्नुपर्छ ।
- मुआब्जा वितरणमा पारदर्शिता र तत्परताका साथ कार्यान्वयन गर्नुपर्छ ।
- भारत र चीनसँग स्पष्ट प्राथमिकता र रणनीतिका साथ सहकार्य गर्नुपर्छ ।
- रेल विभागको संरचना पुनर्संरचना गरेर दक्ष प्राविधिक नियुक्त गरिनुपर्छ ।
- बजेटमा रेल पूर्वाधारलाई प्राथमिकता दिनुपर्छ ।
- रेल्वेले जग्गा अधिग्रहण गर्दा खरिद-विक्री, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सक्ने व्यवस्था हुनुपर्छ । त्यस्तो व्यवस्था भएमा १०औं वर्ष जग्गा रोक्का हुँदासमेत औषधि उपचार गर्नसमेत बञ्चित हुनुपर्दैन । खरिद-विक्रीबाट सरकारलाई समेत राजस्व आउने गर्छ ।

## इतिहासमा आज

१६ अप्रिल १८५३ मा भारतमा पहिलो यात्रुबाहक रेल संचालनमा आएको थियो ।



१६ अप्रिल १८६२ मा कोलम्बियामा दासत्व उन्मूलन गरिएको थियो र मुक्त दासहरूका मालिकहरूलाई क्षतिपूर्ति दिन ४१ मिलियन विनियोजन गरिएको थियो ।



१६ अप्रिल १९१७ मा भ्लादिमिर लेनिन निर्वासनबाट रुस फर्किएका थिए । सँगै, उनी सोभियत संघीय समाजवादी गणतन्त्रका नेता बनेका थिए ।



१६ अप्रिल २००३ मा पोल्यान्ड, साइप्रस, चेक गणतन्त्रलगायत १० देश युरोपेली संघमा आबद्ध भएका थिए ।



## सामाजिक सञ्जाल



**बद्रीविनोद खनाल**

ओली, देउवा र प्रचण्डलाई जति गाली गरे पनि हुन्छ, यिनीहरू हाम्रो मतले त्यहाँ पुगेका हुन् । हाम्रो मतको दुरुपयोग गर्दा गाली र सदुपयोग गर्दा माया गर्ने हक हामीसँग छ । यिनका रिसले गणतन्त्र मासेर राजतन्त्र ल्याउँछु भन्नेहरूलाई कहिल्यै माया गर्नुपर्दैन । दूध पिलाएर पाले नि सर्पले टोक्न छोड्दैन बुझिराखौं ।



**सचिन तिमिल्सिना**

अक्सर संजालमा अतिवादी कुरा लेख्ने धेरै देखिन्छन् । यस्ता पात्रले जुनसुकै हदमा गएर गाली गर्न सक्ने भएकाले अक्सर धेरै मान्छे आफ्नो धारणा राख्न चाहँदैनन् । अतिवादीहरूलाई यही भएर पूरै न्यारेटिभ आफैंसँग भएको आत्मरति हुन्छ । तर, चुनावमा जानासाथ दूधको दूध, पानीको पानी हुन्छ ।



**सूर्यराज आचार्य**

राष्ट्रको भविष्यका लागि सुधार अनिवार्य बनेको छ । यस्तो सुधारका लागि दिइने सुझाव वास्तवमा एक पानामा अटाउने खालका हुन्छन् । ठेली लेखेर दिइने सुझावले खासै काम गर्दैन । चुरो कुरामा भन्दा पाखाका कुरामा बढी केन्द्रित हुँदा सुझावको ठेली बन्न जान्छ । र, यस्तो ठेलीमा चुरो कुरा हराएर जान्छ ।




**मुक्ति अर्याल**

कस्तो हुनुपर्छ धितोपत्र बोर्ड ? नेपालको धितोपत्र बजारको सम्पूर्ण विकास गर्ने हो भने यसको पहिलो शर्त हो- एकदमै चुस्त, दक्ष र सक्षम धितोपत्र बोर्ड । चुस्त, दक्ष र सक्षम नभई बोर्ड व्यावसायिक, प्रभावकारी र आधुनिक हुन सक्दैन । सो नभई पारदर्शी, प्रतिस्पर्धी र आधुनिक धितोपत्र बजारको निर्माण हुँदैन ।

# २०८१ सालले सिकाएका पाठ

विचार



● खिमराज गिरी

> *सरकारको अबको नीति हाम्रै स्रोत र साधनलाई उपयोग गर्नेगरी, हाम्रै युवा शक्तिलाई प्रयोग गर्नेगरी बनाइनुपर्छ । सुशासनको अनुभूति गराउने तहमा सरकार लाग्नुपर्छ । देखिएका निराशालाई आशामा बदल्नेगरी नलाग्ने हो भने त्यो निराशा नै पछि ठूलो समस्याको कारण बन्न सक्छ...*

वास्तवमा २०८१ साललाई फर्केर हेर्ने हो भने, विगतमा झैं नेपालमा राजनीतिक अन्योल, सामाजिक विभेद, आर्थिक संकट, विदेशमा युवा पलायन, बढ्दो रेमिटचान्स, जलवायु परिवर्तनको असर, नागरिकमा केही निराशा, व्यवस्था परिवर्तनको प्रयास, आदि मुख्य कुराहरूको सन्त्रासमा पर्‍यो नेपाल ।

राजनीतिक क्षेत्रमा अझै यो साल अस्थिरतामै बित्यो । सरकारमा दल परिवर्तनको गृहकार्य भइरहेको अवस्थामा गत केही महिनादेखि व्यवस्थाकै विरुद्धमा केही सामाजिक अभियन्ताहरू, राजावादी तथा राप्रपा दलको संलग्नतामा आन्दोलनका कार्यक्रम तय गरेअनुरूप गत १५ चैतको घटनामा धेरै धनजनको क्षति भयो । गणतन्त्रविरुद्धमा लागिपरेका अभियन्ताहरूको कार्यक्रमले राजालाई पहिलेकै स्थानमा फर्काउन सफल नभए पनि पक्कै पनि गणतन्त्रवादी नेताहरूलाई भने सच्चिने मौका मिलेको छ ।

त्यस्तै, देशका विभिन्न भागमा बाढी-पहिरो, असिना-पानी, अनियमित मौसमी वर्षा, तराईमा डुबान, पहाडमा पहिरो, हिमालमा हिउँ पग्लिने आदि कारणले वातावरणीय चासो तथा जलवायु प्रदूषणको मारमा नेपाल पनि अछुतो रहेन । जलवायु परिवर्तनको प्रभावले गत असोज महिनामा अप्रत्यासित वर्षा तथा बाढी-पहिरोका कारण धनजनको क्षति भयो ।

आर्थिक संकटलाई नियाल्दा फाइनान्सियल एक्सन टास्क फोर्सको ग्रे लिस्टको त्रासमा नेपाल पर्‍यो र यसलाई रिकभर गर्नेतिर सरकार लागिपरेको छ । यो वर्ष संयुक्त राष्ट्रसंघको महासभामा नेपालले पनि भाग लिने मौका पायो र उक्त समयमा मुख्यतयाः जलवायु परिवर्तनले साना तथा विकासोन्मुख देशमा परेको असरबारे आफ्नो धारणा नेपालले पनि राखेको थियो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा कूटनीतिक सम्बन्धको मुख्य आयामको विषय पनि रह्यो । त्यस्तै, गत चैत महिनाको तेस्रो हप्ता प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको राजधानी बैंककमा बिमस्टेक शिखर सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गरेका थिए । उक्त सम्मेलनका मुख्य अन्तर्वस्तु र संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यसँग नेपालले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षासँग गहिरो प्रतिध्वनि भएको अनुभूत हुन्छ ।

त्यस्तै, लामो समयसम्म नेपाल-भारत सम्बन्धमा रहेको तिक्ततालाई पनि उक्त समयमा २ देशका प्रधानमन्त्रीको लामो समयको कुराकानीले केही आत्मविश्वास जागेको देखिन्छ ।

विकासको मार्गचित्र हेर्ने हो भने, नेपालको मध्य भाग तथा तराई भेगमा व्यस्त रहने मुख्य सडक मार्गहरू पुनर्निर्माण कार्य तीव्रताका साथ भइरहेको छ । त्यसैगरी भैरहवा तथा पोखरा विमानस्थल पनि तयारी भएर पनि उडान कार्य सुरु भएको छ भने सिद्धबाबा सुरुङ मार्गलगायत अन्य केही सुरुङ मार्गको कार्य सम्पन्न हुने अवस्थामा छन् ।

संसदीय अभ्यासमा धेरै विधेयकहरू पास हुनबाट बञ्चित भएका छन् । विगत केही वर्षदेखि थन्किएर बसेको शिक्षा विधेयक पास गर्नुपर्ने भन्दै केही महिनादेखि शिक्षकको आन्दोलन जारी नै छ । यदि उक्त विधेयक पास हुने र सोहीअनुसारको रकमान्तर हुने हो भने लगभग ३५ अर्बको आर्थिक भार राज्य कोषलाई पर्ने देखिएको छ ।

सधैंझैं यो वर्ष महँगीले पनि सीमा नाघ्यो भन्दा पनि हुन्छ । बजारमा पाइने दैनिक उपभोग्य वस्तुको मूल्य बढेको पाइयो । तर, पेट्रोल, डिजेल, मट्टीतेल तथा खाना पकाउने ग्यासको मूल्य भने घटबढ भई नै रह्यो ।

त्यसैगरी संचार क्षेत्रतिर नियाल्दा पत्रकारितामा स्वतन्त्रता हुन्छ तथापि हाल उपलब्ध नागरिक पत्रकारिता खासगरी सामाजिक संजालमा देखिएको एकअर्काप्रतिको गालीगलौज तथा उच्छृंखलताले चरम सीमा नाघेको छ, जुन अवस्थालाई नियालेर सरकारले सामाजिक संजाल विधेयक तयार गरेको थियो । तर, यसलाई अघि बढाउन केही समस्या देखिए, जसमा निकै बहसको खाँचो देखिन्छ । अपेक्षा गरौं, आगामी संसद् अधिवेशनले यसलाई सम्बोधन गर्ने छ ।

निष्कर्षमा, सरकारको अबको नीति हाम्रै स्रोत र साधनलाई उपयोग गर्नेगरी, हाम्रै युवा शक्तिलाई प्रयोग गर्नेगरी बनाइनुपर्छ । सुशासनको अनुभूति गराउने तहमा सरकार लाग्नुपर्छ । देखिएका निराशालाई आशामा बदल्नेगरी नलाग्ने हो भने त्यो निराशा नै पछि ठूलो समस्याको कारण बन्न सक्छ । २०८१ सालले हामीलाई धेरै कुरा सिकाएको छ, जसबाट पाठ सिक्दै अबको वर्षमा नेतृत्वबाट उचित भूमिका खेल्न सके देशले लय लिने कुरामा दुविधा रहँदैन । विश्वको बदलावबाट पनि नेपालले सिक्न जरुरी छ ।

# शहीदमार्ग : हिउँदमा धुलाम्य, बर्खामा हिलाम्य !

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २ वैशाख



दाङको घोराहीदेखि रोल्पाको होलेरी, दार्बोट, थबाङ हुँदै रुकुमको मैकोटसम्म जोडिएको शहीदमार्ग समयमै स्तरोन्नति र व्यवस्थित नहुँदा रोल्पा र रुकुमका नागरिकले सास्ती भोग्दै आएका छन् ।

शहीदमार्गको काम समयमै सम्पन्न हुन नसक्दा यहाँका नागरिकले सधै सास्ती भोग्दै आएका हुन् । पछिल्लो समय शहीदमार्गलाई मृत्युमार्गको उप नाम दिन थालिएको छ । समयमै स्तरोन्नति नहुँदा सवारी दुर्घटनाका घट्ना बढ्दै जाँदा सहिदमार्गलाई मृत्यु मार्गसमेत भन्न थालिएको हो ।

प्रायः हिउँदको समयमा धुलाम्य र बर्खामा हिलाम्य हुने सहिदमार्गको अवस्था सुधार हुन सकेको छैन । दाङको घोराही र रोल्पाको होलेरी खण्डमा केही वर्षयता हेर्ने हो भने त्यहाँ कालोपत्रसमेत उत्रिएर उक्त सडक जीर्ण बनेको देखिन्छ ।

उक्त सडकमा दिनहुँ १ सयदेखि २ सयसम्म मालबाहक टिप्पर हिड्ने गर्दछन् ।

चालक र नागरिकहरू उक्त सडकखण्डमा जीर्ण र कठिनपूर्ण यात्रा गर्न बाध्य छन् । हरेक वर्ष संघ र प्रदेश सरकारले शहीदमार्गलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम बनाए पनि बजेटमा सधैँ उपेक्षामा पर्दै आएको छ । चालू आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट ल्याउदा रोल्पाका प्रतिनिधिसभा सांसद बर्षमान पुन अर्थ मन्त्री थिए । पुनले शहीदमार्गमा भनेर १ अर्ब २५ करोड बजेट विनियोजन गरेका थिए ।

वि.सं २०६४/०६५ बाट निर्माण सुरु गरिएको शहीदमार्गको काम हालसम्म पनि सकिएको छैन । बर्खाको समयमा माथिबाट पहिरो झर्ने र मुनिबाट खोला नालाले तान्ने भएकोले हिउँदमा सुधार गरेको सडक बर्खामा उस्तै हुने गरेको छ ।

शहीदमार्ग निर्माण गर्दाको समयदेखि हालसम्म धेरै व्यक्तिले सवारी दुर्घटनामा परेर ज्यान गुमाइसकेका छन् । माओवादीले सुरु गरेको तत्कालीन १० वर्षे सशस्त्र द्वन्द्वको नामबाट नामकरण गरिएको शहीदमार्गको अवस्था हेर्दा साच्चिकै शहीद जस्तो भएको परिवर्तन गाउँपालिकाका स्थानीय योगेन्द्र रोका बताउँछन् । उनले शहीदमार्ग यो वर्ष हेर्यो उस्तै, अर्को हेर्‍यो उस्तै देखिने गरेको बताए । परिवर्तन गाउँपालिकाका अर्का स्थानीय ओमप्रकाश बुढाको पनि गुनासो उस्तै छ । उनले भने,' हामी यहाँबाट दाङ जान पिच भएमा जम्मा ४-५ घण्टा लाग्ने हो तर अहिले ७-८ घण्टा लाग्ने गरेको छ ।'

लुम्बिनी प्रदेशको पहाडी जिल्ला रोल्पा र एकमात्र हिमाली जिल्ला रुकुमपूर्वलाई हेरिएको छ । उक्त सडक दाङको घोराहीदेखि रुकुमपूर्वको तकसेरा मैकोटसम्म २ सय २० किलोमिटर रहेको छ । जसलाई सरकारले दाङको घोराहीदेखि रोल्पाको होलेरी-घर्तीगाउँ-थबाङ हुँदै रुकुम पूर्वको तकसेरा-मैकोट हुँदै डोल्पासम्म जोड्ने लक्ष्य राखेको छ ।

शान्ति प्रक्रियापछि शहीदमार्गको कामले गति लिने अपेक्षा राखिए पनि हालसम्म परिवर्तन हुन नसकेको स्थानीयको भनाइ छ ।

दाङको घोराहीदेखि रोल्पाको होलेरी-घर्तीगाउँ-थबाङ हुँदै पूर्वी रुकुमसम्म जोडिएको शहीदमार्गको थोरै खण्ड मात्र कालोपत्रे छ । अहिले होलेरी दार्बोट खण्डमा स्तरोन्नति र कालोपत्रेको काम भइरहेको छ ।

दार्बोट, घर्तीगाउँ,दुईखोली खण्डमा काम भइरहेको छ । परिवर्तन गाउँपालिकाको चप्कादेखि बागमारा, चुन्बाङ हुँदै रुकुमकोट जोड्ने खण्डमा काम भइरहेको छ । त्यस्तै परिवर्तन गाउँपालिकाको दुईखोली र थबाङ खण्डमासमेत काम भइरहेको छ । दुईखोली चुन्बाङ खण्ड र दुईखोली थबाङ खण्ड परिवर्तन गाउँपालिकामा पर्ने भएकोले काम राम्रै भएको परिवर्तन गाउँपालिकाका अध्यक्ष सुक बहादुर बुढा मगर बताउँछन् । 'प्रत्यक्ष रूपमा हेर्दा काम राम्रो भएको देख्छु र मेरो कार्यकालमा यी दुई खण्ड स्तरोन्नति र पिच हुन्छ भन्ने विश्वास लिएको छु'बुढा मगरले भने । शहीदमार्गको अधिकांश भाग कच्ची नै रहेको छ । शहीदमार्गअन्तर्गत दाङको घोराही-होलेरी खण्डको सडकमा कालोपत्रे भए पनि कालेपत्र गरिएको सडकमा अहिले कालोपत्रेको नामनिसान छैन ।

कालोपत्रे उप्किएर उक्त भागमा पनि अहिले नागरिकले हिउँदमा धुलाम्य र बर्खाको समयमा हिलाम्य यात्रा गर्न बाध्य छन् । कमसल कालोपत्रे र सिमेन्ट उद्योगका टिप्परले सडकको भारवहन क्षमताभन्दा बढी चुनढुंगा ओसार्न थालेपछि सडकमा कालोपत्रे उप्किएको जिप चालक बिरेन्द्र घर्ती बताउँछन् ।

'हिउँदमा धुलोको कारणले शहीदमार्गमा नागरिकले सास्ती खेप्नुपर्दछ भने बर्खायाममा सडक भत्किने, पहिरो जाने, सडकमा पानि जम्मा भएर गाडीहरू फस्ने समस्या हुनाले वर्षायाममा सवारी आवागमन कठिन हुने गर्छ' घर्तीले भने । पश्चिम रोल्पालीको जनजीवनलाई सहज बनाउने मुख्य लाइफलाइनको रूपमा रहेको सडक समयमै निर्माण सम्पन्न नहुँदा नागरिकले सास्ती नै सास्ती खेपिरहेका छन् ।

# प्रज्ञाप्रतिष्ठानमा 'बायुङ भाषाको साहित्य'बारे विमर्श



**काठमाडौं/मस-** नेपाल प्रज्ञाप्रतिष्ठान, साहित्य (मातृभाषा) विभागद्वारा आयोजित 'मातृभाषा साहित्यको २१औं शृंखला'मा लोकबहादुर बायुङ राईले 'बायुङ भाषाको साहित्य' विषयक कार्यपत्र प्रस्तुत गरेका छन् ।

प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा समालोचना र साहित्येतिहास विभाग प्रमुख डा.मधुसूदन गिरीले कार्यक्रमको समुद्घाटन गरेका थिए ।

उनले बायुङ भाषाको साहित्य र वर्तमान अवस्थाबारेको उक्त कार्यपत्रमाथि चर्चा गर्दै भाषिक र सांस्कृतिक औपनिवेशिकताका कारण नेपालका मातृभाषाहरू माथि थिचोमिचो भएको बताए । उनले यसकाविरुद्ध अनुसन्धान गरेर सत्य तथ्य पत्ता लगाउनुपर्ने बताए ।

स्वागत मनतव्य तथा कार्यक्रमको औंचित्यमाथि प्रकाश पार्दै प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले मातृभाषा साहित्य शृंखलाले समग्र मातृभाषाको विकासमा योगदान पुऱ्याएको बताइन् ।

कार्यक्रमका सभाध्यक्ष तथा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य मातृभाषा विभाग प्रमुख राजन मुकारुङले हरेकपटक राज्यको नयाँ संरचना बन्दा जनजातिको इतिहास, सभ्यता,थातथलो र संस्कृतिमाथि अतिक्रमण हुँदै आएको र यस उपनिवेशलाई उजागर गर्दै आफ्नो पहिचानलाई जोगाउनुपर्ने बताए ।

उनले बायुङ भाषाको साहित्य र वर्तमान अवस्थाबारे लोकबहादुर बायुङ राईले कार्यपत्र प्रस्तुत गरेर आफ्नो र समग्र मातृभाषाका समुदायका लागि महत्त्वपूर्ण काम गरेको बताए ।

कार्यपत्र प्रस्तोता राईले बायुङको भूगोल र जनसंख्या,तथ्यांकमा बायुङ भाषा, बायुङ संस्था, पूर्व कार्यको समीक्षा, बायुङ वर्ण, पाठयक्रम, बायुङ राई भाषाका कृति र कृतिकार, बायुङ स्रष्टा र चुनौतीबारे उल्लेख गरेका थिए ।

कार्यक्रममा मुगाल भाषाका कवि सोनाम यङ्गी वाम्बुले राईभाषाका कवि सोनाम सज्जन किराती र थारुभाषाका कवि सन्तोषी चौधरीले कविता वाचन गरेका थिए । उक्त कार्यपत्रमाथि प्रताप नाछिरिङ, डा.सोम धिमाल र शोभा सुनुवारले आआफ्नो जिज्ञासा तथा सुझाव प्रस्तुत गरेका थिए । कार्यक्रमको सहजीकरण प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए ।

# अर्घाखाँचीका किसानलाई मकै छर्ने चटारो

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ वैशाख



लामो समयपछि आकासे पानी परेपछि अर्घाखाँचीका ६ स्थानीय तहका किसानलाई राहत भएको छ ।

सन्धिखर्क नगरपालिका र आसपासका गाउँहरूका खेतबारी पानीले लतक्क भिजेको छ । अहिले सो क्षेत्रका किसानलाई मकै छर्ने चटारो छ ।

सिँचाइको सुविधा नभएकाले सन्धिखर्क नगरपालिका, छत्रदेव गाउँपालिका, पाणिनी लगायतका धेरै ठाउँका किसानहरु मकै छर्न आकाशे पानी कुर्नुपर्ने अवस्था रहेको नरपानीका किसान भोजबहादुर बिष्टले बताए । गाउँ घरमा गोरुपाल्नेहरु त्यति छैनन् । मकै छर्न पनि गोरुको पालो पर्खनुपर्ने हुन्छ । सबैको भिरालो बारीमा ट्याक्टरले जोत्न सम्भव नभएको छत्रगन्जका किसान प्रेम आचार्यले बताए ।

गाउँभरिमा एक/दुई जनाले गोरु पालेका छन् । मकै छर्ने बेलामा जोत्नेको तानातान हुन्छ । गाउँ घरको सम्म बारीमा जोत्न ट्याक्टरको प्रयोग भएपनि मकै छर्न भने गोरुको प्रयोग हुने गरेको छ ।

अर्घाखाँचीको मुख्य बाली मकै हो । यहि मकै खेतीमा यहाँका किसानहरु आकर्षित छन् । मकैको प्रयोग गाईभैँसीका लागि कुँडोको रुपमा प्रयोग हुने गरेको छ ।

यस्तै यसको आँटो, पिठो, सातु, रोटी सबै बनाएर प्रयोग हुने गरेको छ ।

मकैको रोटी,सातु, उसिनेर, पोलेर खान सकिने एउटा बहुआयामिक खाद्यका रुपमा प्रयोग हुने भएकाले पनि मकै वास्तवमै अनिकालको खान्की भन्दा फरक नपर्ने सिद्दाराका किसान हिमलाल बेल्वासेले बताए ।

अर्घाखाँचीमा स्थानीय जातको पहेंलो मकै लगाउने चलन छ भने पछिल्लो चरणमा स्थानीय सरकारको अनुरोधमा बढी फल्ने उन्नत जातको मकै पनि लगाउन थालिएको ढिकुराका किसान जीवन घिमिरेले बताए ।

वैशाखमा छरेको मकै साउने सक्रान्तिमा चढाएपछि पोलेर खान लायक हुन्छ र भदौमा त मकै थन्काउने काम हुन्छ । भदौताका एकसय पचास रुपैयाँ पाथी बिक्ने मकै चैत्र वैशाखमा दुई सय पचास रुपैयाँ पाथीसम्ममा बिक्री हुने गरेको धनचौरका किसान तेजुलाल भट्टराईले बताए ।

आजभोली मकैको आटो, सातु, पिठो, भुटेर खाने मकै शहरतिरका आफन्त कहाँ कोसेलीको रुपमा पनि पठाउने गरिएको नरपानीका किसान प्रकाश महत्राले बताए ।

# हात्ती आतंकले मकै बाली नष्ट



**बलम्पाकी/मध्यान्ह**
सर्लाही, २ वैशाख

सर्लाहीको हरिपुर नगरपालिका -१, मा जंगली हात्तीले स्थानीय किसानको मकै बाली नष्ट पारेको छ । ३ वटाको संख्यामा आएको जंगली हात्तीले धनबहादुर पाँडे, अशोक विमली, मदन मैनाली, बिन्देश्वर रामलगायत किसानको मकै बाली नष्ट पारेको हरिपुर वडा नम्बर १ का वाडाध्यक्ष नानीबाबु थापाले जानकारी दिए ।

दिनभरि जानकीनगर र मुर्तिया जंगलमा बस्ने जंगली हात्तीले रात परेपछि बस्तीमा छिरेर मकै खाने र बाली कुल्चिएर नष्ट पार्ने गरेको स्थानीय किसान मदन मैनालीले गुनासो गरे । हात्तीले दुःख दिन थालेपछि किसानहरूले तत्कालै नियन्त्रणका लागि सबडिभिजन वन कार्यालय जानकीनगरसँग आग्रह गरेका छन् । जंगली हात्ती नियन्त्रण गर्न सजिलो नहुने भएकाले सावधानी अपनाउन डिभिजन वन कार्यालयले अनुरोध गरेको छ ।

जंगली हात्तीले नोक्सान पुऱ्याएको बालीको क्षतिपूर्ति सरकारले उपलब्ध गराउनुपर्ने किसानहरूको माग छ । बासस्थानमा जाने क्रममा जंगली हात्तीले बाटो परेका केही अन्न बाली नोक्सान गरेपनि त्यसलाई जिस्काउन नहुने डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख सन्तोष कुमार झाले बताए ।

# सप्तरीमा सामुदायिक भवन शिलान्यास

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, २ वैशाख



सप्तरी बोदेबसाइन नगरपालिका-५ बजारस्थित हरिशंकर मन्दिरको प्राङ्गणमा सामुदायिक भवन निर्माण हुने भएको छ । मधेश प्रदेश सरकारको सहयोगमा निर्माण हुने उक्त सामुदायिक भवनको एक कार्यक्रमकाबीच मधेश प्रदेशसभा सदस्य अनिरुद्व कुमार सिंहले शिलान्यास गरेका छन् ।

सामुदायिक भवन शिलान्यास कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष मोजिबुर रहमान, स्थानीय नेता खगेन्द्र प्रसाद यादव, व्यवसायी प्रमोद साह, राधेश्याम भगत, प्राविधिक इन्जिनियर रुद्र नारायण पण्डित, सबइन्जिनियर अजयकुमार चौधरी लगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश सरकारको ३० लाखको लागतमा मन्दिर प्राङ्गणमा सामुदायिक भवन निर्माण गरिने उपभोक्ता समितिका अध्यक्ष अनिल प्रसाद सिंहले बताए । भवन निर्माण कार्य आगामी जेठ ३१ भित्र सम्पन्न गरिने उनले जानकारी दिए ।

# अर्घाखाँचीमा प्राकृतिक विपद्, १ जनाको मृत्यु, ४३ घरगोठमा क्षति

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ वैशाख

अर्घाखाँची जिल्लामा गएको एक महिनामा ७९ वटा विपद्का घटना घटेको प्रहरीले जनाएको छ । २०८१ सालको चैत महिनामा जिल्लाका विभिन्न स्थानमा भएका विपद्का घटनाले ४३ घरगोठमा क्षति पुऱ्याएको प्रहरीको तथ्यांक छ ।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले मंगलबार गरेको नियमित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै प्रहरी नायब उपरीक्षक डीएसपी चक्रबहादुर मल्लले एक जनाको प्राकृतिक विपद्का कारण ज्यान जानुको साथै ३९ घर र ४ गोठमा क्षति पुऱ्याएको बताए ।

पत्रकार भेटघाटमा बोल्दै मल्लले भने, 'अस्थायी प्रहरी चौकी डोहोटेमा सवारी साधनको चेकजाँच हामिले नयाँ वर्षबाट सुरु गरेका छौं । यहाँ चेकजाँच सुरक्षाको दृष्टिकोणले उपयुक्त देखियो । अब ईलाका प्रहरी कार्यालयमा गाडि चेकजाँच हुँदैन ।' ईलाका प्रहरी कार्यालय ठाडामा चेकजाँच र इन्ट्री हुँदै आएकोमा नयाँ वर्षको दिनदेखि शितगंगा १२ को डोहोटेबाट चेकजाँच सुरु गरिएको डीएसपी मल्लले बताए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०९/१३ मा दर्ता भएको **प्रा.लि.नं. १३०१७०** को **आखाचुकी इन्टरनेशनल एजुकेशन प्रा.लि.** को मिति २०८२/०१/०२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०१/०३**

ततपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| १. **सोनु कुमार गुप्ता**<br>**ना.प्र.नं.**: ५९३८<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बाँके<br>बाबुः संगम लाल गुप्ता<br>बाजेः महादेव प्रसाद गुप्ता<br>ठेगानाः बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ०१<br>**शाखा कार्यालयः नेपालगंज**<br>**कर्जा शीर्षकः व्यक्तिगत इक्विटी कर्जा**<br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**शोभा थापा**<br>**ना.प्र.नं.**: ७१२५<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बाँके<br>पतिः सोनु कुमार गुप्ता<br>ससुराः संगम लाल गुप्ता<br>ठेगानाः बाँके जिल्ला, प्रिप्रहवा गा.वि.स./उ.म.न.पा. वडा नं.०४, हाल नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं.०१ | **संगम लाल गुप्ता**<br>**ना.प्र.नं.**: ६६-०१-७६-०५८१०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके<br>बाबु : महादेव प्रसाद गुप्ता<br>बाजे : स्वामी दयाल बनिया<br>ठेगाना : बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं.०१<br>**शीला देवी गुप्ता**<br>**ना.प्र.नं.**: ७३६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके<br>पति : संगम लाल गुप्ता<br>ससुरा : महादेव प्रसाद गुप्ता<br>ठेगाना : बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं.०१ |
| २. **किसान बहादुर आले**<br>**ना.प्र.नं.**: ३८६/०४४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>बाबु : ललित बहादुर आले<br>बाजे : कर्ण बहादुर आले<br>ठेगाना : चितवन जिल्ला, फुलवारी गा.वि.स./ उ.म.न.पा.वडा नं.०७, हाल भरतपुर म.न.पा.वडा नं.१५<br>**शाखा कार्यालय : हाकिमचोक**<br>**कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा** | **मिना थापा मगर आले**<br>**ना.प्र.नं.**: ३५५०३९४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : किसान बहादुर आले<br>ससुरा : ललित बहादुर आले<br>ठेगाना : चितवन जिल्ला, फुलवारी गा.वि.स./ उ.म.न.पा.वडा नं.०७, हाल भरतपुर म.न.पा.वडा नं.१५ |
| ३. **सर्फो आजम**<br>**ना.प्र.नं.**: २२३७/३०१६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : याकुव अलि धोवी<br>बाजे : मनसी मिया धोवी<br>ठेगाना : बारा जिल्ला, लिपनिमाल गा.वि.स.वडा नं.०१, हाल परवानीपुर गा.पा.वडा नं.०३<br>**शाखा कार्यालय : वीरगंज**<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **याकुव अलि धोवी**<br>**ना.प्र.नं.**: ५५२९००७८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : मनसी मिया धोवी<br>बाजे : रमन मिया<br>ठेगाना : बारा जिल्ला, लिपनिमाल गा.वि.स.वडा नं.०१, हाल परवानीपुर गा.पा.वडा नं.०३<br>**अर्फु आलम**<br>**ना.प्र.नं.**: १०९८/७०८२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : याकुव अलि धोवी<br>बाजे : मनसी मिया धोवी<br>ठेगाना : बारा जिल्ला, लिपनिमाल गा.वि.स.वडा नं.०१, हाल परवानीपुर गा.पा.वडा नं.०३ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

## 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'

# ६० देशबाट २४० प्रतिभा छनोट

**भरत प्रधान/रासस**
लिस्बन, २ वैशाख ।

सर्वाधिक धनराशिको विश्वस्तरीय नेपाली गायन र नृत्यको रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभस'को दोस्रो संस्करणका लागि विश्वका ६० देशबाट २४० जना प्रतिभा छनोट भएका छन् । इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले नेपालसहित १२ भन्दा बढी मुलुकमा सम्पन्न गरेको अडिसनबाट 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को दोस्रो संस्करणका २४० प्रतिभा छनोट भएका हुन् । पहिलो चरणको अडिसनबाट मेरो भ्वाइस युनिभर्स तर्फ १२० जना र मेरो डान्स युनिभर्सतर्फ १२० जना प्रतियोगी अर्को चरणका लागि छनोट भएको फाउन्डेसनका कार्यकारी निर्देशक चूडामणि भट्टराईले जानकारी दिए ।

विश्वका विभिन्न मुलुकमा भएको स्थलगत अडिसनमा ७ हजारभन्दा बढी नेपाली मुलका नेपालीभाषी प्रतियोगीले उत्साहका साथ भाग लिएको भट्टराईले बताए ।

छनोट भएका प्रतियोगीहरूलाई फाउन्डेसनले आफ्नै खर्चमा काठमाडौं ल्याई अर्को चरणको प्रतिस्पर्धाका लागि तयारी गरिएको बताए । छनोट भएका







अधिकांश प्रतिभाहरूलाई काठमाडौं ल्याइएको फाउन्डेसनले जनाएको छ ।

भट्टराईका अनुसार गायन र नृत्य गरी दुवैतर्फका शोका लागि अमेरिकामा भएको अडिसनबाट १० जना, क्यानाडा अडिसनबाट २, बेलायत अडिसनबाट १०, पोर्चुगल अडिसनबाट १०, भुटान अडिसनबाट ४, थाइल्यान्ड अडिसनबाट १०, हङकङ अडिसनबाट १०, जापान अडिसनबाट १०, अफ्रिका अडिसनबाट २, दुबई अडिसनबाट १०, कतार अडिसनबाट १०, अस्ट्रेलिया अडिसनबाट १०, भारत अडिसनबाट ६० र नेपालका विभिन्न शहरमा भएको अडिसनबाट ८२ जना प्रतिभा छनोट भएका छन् ।

नेपालबाहिर रहेका नेपाली मूलका नेपालीभाषीलाई नेपालसँग जोड्न र नेपाली भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यका साथ दोस्रो संस्करणको आयोजना गरिएको कार्यकारी निर्देशक भट्टराईले बताए ।

'यो नेपाली भाषा, कला र संस्कृतिका माध्यमबाट संसारभरका नेपालीलाई जोड्ने एउटा सांस्कृतिक अभियान हो', भट्टराईले भने, 'थाइल्यान्ड, मलेसिया, बर्मा, फिजी, भुटानलगायतका देशमा त्यहीँका नागरिक भई बसोबास गरेका नेपाली पुर्खाका नयाँ पुस्ताका नेपालीभाषीहरूले समेत यो अडिसनमा भाग लिएर छनोट हुनुभएको छ। यसले हामीलाई अझै उत्साहित बनाएको छ । हाम्रो अभियानले विश्वका विभिन्न मुलुकमा जन्मेका र हुर्केका नयाँ पुस्ताका नेपाली मूलका नेपालीभाषीहरूलाई आफ्ना पूर्वजको मातृभूमिसँग जोड्ने काम गरेको छ ।' विदेशमा रहेका दोस्रो पुस्ता अर्थात् नेपाली मूलका संसारभरका नेपाली जाति र नेपालीभाषीलाई पितृभूमि नेपालसँग जोड्ने र नेपाली कला, संस्कृतिको जगेर्ना गर्ने सोच र परिकल्पनाका साथ अमेरिका बस्दै आएका नेपाली मूलका भुटानी डिल्ली अधिकारीको पहल र सक्रियतामा यो अभियान संचालन गरिएको भट्टराईले बताए ।

अमेरिकाबाट सुरु भएको पहिलो चरणको स्थलगत अडिसन क्यानाडा, बेलायत, पोर्चुगल, थाइल्यान्ड, हङकङ, जापान, अफ्रिका, अस्ट्रेलिया, दुबई, कतार, भुटान र भारतका विभिन्न शहरमा सम्पन्न भएको फाउन्डेसनले जनाएको छ ।

यस्तै, नेपालमा बिर्तामोड, नेपालगन्ज, पोखरा र काठमाडौंमा अडिसन सम्पन्न भएको थियो । पहिलो संस्करणमा विश्वका ५२ देशका नेपालीभाषीहरूले सहभागिता जनाएकामा यस पटक ६० देशका नेपाली प्रतिभाहरूको सहभागिता रहेको फाउन्डेसनले जनाएको छ ।

संसारभरका नेपालीभाषीहरूलाई नेपालसँग जोड्ने र नेपाली कला, गीत-संगीत र संस्कृतिको माध्यमबाट एउटै सूत्रमा बाँध्ने उद्देश्यका साथ शोको आयोजना गरिएको फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारीले बताए। 'नेपाली जातिको परम्परा, रीतिथिति, भाषा, संस्कृति र नेपालीपन जोगाइराख्न सकियोस् । आफ्नो पुर्खाको जन्मभूमिसँग विदेशमा बस्ने नयाँ पुस्ताका नेपालीलाई पुस्तौं-पुस्तासम्म जोड्न सकियोस् भन्ने हाम्रो मुख्य उद्देश्य हो', अधिकारीले भने। दुवै शोका विजेताहरूले १/१ करोड रुपैयाँ पुरस्कार पाउने छन् भने उपविजेताले २५/२५ लाख रुपैयाँ तथा तृतीय स्थान हासिल गर्नेले १०/१० लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

यसबाहेक समूह नृत्यतर्फका प्रतिस्पर्धाका विजेता समूहले २० लाख, उपविजेता समूहले १० लाख र तृतीय हुने समूहले ५ लाख रुपैयाँ पाउने छन् । यस्तै, छनोट चरणको उत्कृष्ट १० सम्म पुग्न सफल प्रतिभालाई ३/३ लाख रुपैयाँले पुरस्कृत गरिने फाउन्डेसनले जनाएको छ ।

मेरो भ्वाइस युनिभर्सका लागि काठमाडौंमा हुने छनोट चरणमा गायक दीप श्रेष्ठ, संगीतकार सुरेश अधिकारी, गायकहरू शिव परियार र पुष्पन प्रधान, गायिका अञ्जु पन्त र तृष्णा गुरुङ निर्णायकको भूमिकामा रहने छन् । मेरो डान्स युनिभर्स सिजन २ का निर्णायकहरूमा कलाकार मिथिला शर्मा, अभिनेता दिलीप रायमाझी, अभिनेत्री शिल्पा मास्के, कोरियोग्राफरहरू शंकर बीसी, कविराज गहतराज र किरण थापालगायत रहने आयोजक संस्थाले जनाएको छ ।

## तुलसी घिमिरेले बनाए 'पहाड'




**काठमाडौं/मस–** निर्देशक तुलसी घिमिरेको निर्देशनमा तयार भइरहेको फिल्म 'पहाड'को प्रदर्शन तय गरिएको छ। फिल्म आउँदो ७ कात्तिक अर्थात् तिहारको भोलिपल्ट प्रदर्शन हुने छ ।

युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरिएको कथावस्तु रहेको फिल्मले समाजको तीतो यथार्थलाई दर्शक समक्ष पुऱ्याउने लेखकसमेत रहेका निर्देशक घिमिरेले बताए ।

उनले भने, 'वितरकसँग छलफल गरेर प्रदर्शन तय गरेका हौं। नेपालसँगै अन्तर्राष्ट्रिय प्रदर्शनका लागि उपयुक्त समय मिलाउनुका साथै हाम्रो बाँकी कामलाई पूरा गर्ने अवधि मापन गरेर डेट तय गरेका हौं । फिल्मको विषयवस्तु पारिवारिक भएकाले पनि यसलाई स-परिवार हल गएर हेर्न मिल्ने समयमा प्रदर्शन गर्दै छौं ।'

नेपालको गोरखामा ३६ दिन छायांकन भएको र यही वैशाखमा १० दिन भारतको मुम्बईमा बाँकी छायांकन गरिने निर्देशक घिमिरेले जानकारी दिए ।

'बलिदान'पछि मदनकृष्ण श्रेष्ठ, 'चिनो'पछि सुनिल थापासँग काम गरेका निर्देशक घिमिरे नयाँ र पुरानो पुस्तासँगको सहकार्यले राम्रो नतिजा दिनेमा विश्वस्त छन् । उनले पुराना कलाकारझैं नयाँमा पनि आफ्नो पात्र र कामप्रतिको समर्पण उस्तै पाएको बताए । उनले भने, 'मानव बसोबासविहीन बनेको उच्च पहाडको कथा समेटिएको छ, फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ । फिल्म हेरिरहँदा दर्शकले आफ्नोपन र आफ्नो कथा पाउनुहुने छ । नयाँदेखि पुराना पुस्तासम्मलाई समेटेर काम गर्न पाउँदा उत्साहित छु ।' ओजस्वी केसी निर्माता रहेको फिल्मलाई प्रमोद प्रधानले छायांकन गरिरहेका छन् । भारतमा फिल्म, वेबसिरिज र टेलिफिल्मसमेत छायांकन गरिसकेका छायाकार प्रधानले निर्देशक घिमिरेसँग 'अन्याय', 'कोसेली', 'चिनो' र 'दक्षिणा'मा सहकार्य गरेका छन् ।

भाग्यरत्न फिल्म्स प्रा.लि.को ब्यानरमा निर्माण भइरहेको फिल्ममा विपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, सलोना बज्राचार्यलगायतका कलाकारको अभिनय रहेको छ ।

निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै फिल्ममार्फत अभिनेत्रीका रूपमा दर्शकसामु ल्याउँदै छन्। यस्तै, फिल्मको प्राविधिक टिममा निर्देशक घिमिरेकी जेठी छोरी भावना घिमिरेले प्रोडक्सन डिजाइनरको जिम्मेवारी सम्हालेकी छन् ।

यसमा रञ्जित गजमेर संगीत निर्देशक र भारती घिमिरे क्रिएटिभ निर्देशक छन् । रिम्पोछे लामा थिङ र सुरेश लामा थिङ सहनिर्माता रहेको फिल्म नेपालमा बैंकटेस इन्टरटेनमेन्ट र डायस्पोरामा सेभेन सिज इन्टरनेसनल फिल्म्सले वितरण गर्ने छ। यसको पब्लिसिटी डिजाइन रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले गरेको हो ।

## रसाइलीले पाइन् एसियन एक्सिलेन्स एचिभर्स अवार्ड



**काठमाडौं/मस–** गायिका रोशनी रसाइलीले 'एसियन एक्सिलेन्स एचिभर्स अवार्ड, २०२५' पाएकी छन् । 'एसियन विजनेश पार्टनरसिप समिट' र 'साउथ एसियन विजनेश पार्टनर सिप'को आयोजनामा काठमाडौंमा सम्पन्न 'एसियन एक्सिलेन्स एचिभर्स अवार्ड, २०२५'मा उनले सो अवार्ड हाता पारेकी हुन् ।

कार्यक्रमका प्रमुख अतिथि वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, अध्यक्ष एसियन विजनेश पार्टनरसिप समिटका कार्यकारी निर्देशक एम गोलाम फागुक माज्नु, विशेष अतिथिहरू बाग्मती प्रदेशका कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संविधानसभा सदस्य शान्ति श्रेष्ठ, फिफ्टी नेपालका अध्यक्ष डा. अंगुरबहादुर कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य तेन्जिङ भुटिया, ट्रेड टावर अफ कम्पनी नेपालका अध्यक्ष शिवहरि दंगाल र टिबेट ग्रुप अफ कम्पनीका उपाध्यक्ष विष्णुप्रसाद भण्डारीले रसाइलीलाई संयुक्त रूपमा अवार्ड तथा प्रमाणपत्र प्रदान गरेका हुन् ।

रसाइलीले हालसम्म ३ दर्जनबढी गीतमा स्वार दिइसकेकी छन्, जसमा 'मुटु बिझाउने', 'मूर्छा परी छेउमै ढल्दा नि', 'सानै छ उमेर' (तीज गीत), 'फेसबुकमा' (तीज गीत), 'सेल्फी खिचिन्छ' (तीज गीत), 'तेत्तीस किलो सुन', 'गर्छु माया गर्छु', 'माइतीघर', 'काभ्रेमा घर छ', 'साली भेना', 'ड्राइभर दाइ', 'भट्टी पसल', 'माया लाऊ न', 'बारुले कम्मर', 'डाँडाघरे कान्छी', 'मेलम्ची आउँछ', 'चौतारामा बर छ', 'शुभकामना', 'सुनको चुरा', 'रक्सी गह्नायो', 'हाम्ले कसम खा'को होइन र ?', 'त्यही केटी मनपर्‍यो', 'हेर्न जाऊँ न फिल्म', 'गाउँ फर्कनुपर्छ', 'एउटा फोटो खिच्देऊ न', 'बाउले पैसा पठाइदिन्थे', 'सिन्दूर भर्नु हो', 'झड्का', 'फुरफुर पुतली'लगायत निकै चर्चित मानिन्छन् ।

'राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान'की आजीवन सदस्य, 'प्रस्तोता समाज' र 'धवलागिरी साँस्कृतिक समिति'की सदस्य उनी आफ्नो क्षेत्र, पेसा र विधा सम्बद्ध तथा अन्य सामाजिक संघसंस्थामा पनि आबद्ध छन् ।

## 'जारी २' निर्माण घोषणा

**काठमाडौं/मस–** नयाँ वर्ष २०८२ को अवसर पारेर चलचित्र 'जारी'को सिक्वेल निर्माण घोषणा गरिएको छ । सोमबार नेपाली नयाँ वर्षमा सिनेमाको फर्स्ट लुक सार्वजनिक गर्दै 'जारी २' निर्माण घोषणा गरिएको हो।

सिनेमाको निर्माण टिमले सोमबार सार्वजनिक गरेको पोस्टरमा अभिनेता दयाहाङ राईलाई च्याब्रुङ बजाउँदै गरेको अवस्थामा प्रस्तुत गरिएको छ । यो सिनेमाको स्लोगन 'सङ अफ च्याब्रुङ' राखिएको छ ।




'जारी २'मा २०८० सालको ब्लकबस्टर सिनेमा 'जारी'का निर्देशक उपेन्द्र सुब्बाको नै लेखन तथा निर्देशन रहने छ । यो सिनेमा यही वर्षको दसैंमा रिलिज गरिनेसमेत सार्वजनिक पोस्टरमा उल्लेख गरिएको छ । कवि उपेन्द्र सुब्बाको डेब्यु निर्देशन रहेको 'जारी'ले नेपाली बक्स अफिसमा १७ करोडमाथिको व्यापार गरेको थियो। वैशाख तेस्रो सातादेखि फ्लोरमा जाने सिनेमामा दयाहाङ, विजय र मिरुनासँगै ऋचा शर्मा, बुद्धि तामाङ, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, मानहाङ लावती, विष्णु मोक्तान, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बू, वेदना राई र सिर्जना निङ्लेखुको अभिनय रहने छ।

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि. (श्रम इजाजत पत्र नं. ७४२/०६४/०६५)** मा **श्रम प्रतिनिधि** को पदमा कार्यरत **श्री आदित्य खरेल** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निजसँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्योहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा, ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५
दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं विजनेस पार्क टेकु, काठमाडौं, फोन नं. ४१०४५९७, ४१०४५७४

### काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/०३ गते बुधबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको जामुन, कर्मा, खयर, जिङ्गड र अन्य जातको गोलिया काठ थान ५५० को २७७८.१० घ.फि. र अन्य जातको दाउरा ४.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**चमेली गौरी सा.व.उ.स.**
**मधुवन–२, सोनाहा, बर्दिया**

### नेपाल सरकार
### श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
### हनुमानढोका दरबार संग्रहालय
**बसन्तपुर, काठमाडौं**

**बोलपत्र दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०८२/०१/०३**

हनुमानढोका दरबार संग्रहालय विकास समितिको नियमित कार्यक्रम अन्तर्गत तलेजु भवानी मन्दिरको पूर्वतर्फको सिढी तथा पेटी मर्मत गर्ने कार्य सम्बन्धमा मिति २०८१/११/१२ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बोलपत्र दरभाउ पत्रमार्फत रितपुर्वक दर्ता हुन आएका प्रस्तावहरु मूल्याङ्कन समितिबाट अध्ययन र परिक्षण भई सारभुत रुपमा प्रभावग्राही न्युन मूल्याङ्कित निम्न बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १. | HDM–01/2081/082 | तलेजु भवानी मन्दिरको पूर्वतर्फको सिढी तथा पेटी मर्मत गर्ने कार्य । | श्री पचली भैरव एण्ड मनकामना निर्माण सेवा प्रा. लि. टेकु, काठमाडौं । | २५,११,४०७६०/- |

### Government of Sudurpaschim Province
### Social Development Office, Doti
### Invitation for Electronic Bids

**Third Date of publication: 2082/01/03**

1. **Social Development Office, Doti** invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works under NCB procedures.

| S. N. | Contract No. | Works Description | Bid Document Fee and validity | Bid Security and Validity | Estimated Amount (Exclusive of VAT and Contingencies) |
|---|---|---|---|---|---|
| 1. | SDODOTI/NCB/ SB/2081/82-08 | Construction of 2 room school building at Mahakali Ma Vi Shikhar Municipality-2 Mudegaun | NRs. 3,000 Validity: 90 Days | NRs. 50,000 Validity: 120 Days | NRs.21,33,213.49 |

2. **Last date & time of Bid Submission:** 2082 Baishakh 10, 12:00, **Bid Opening Date & Time:** 2082 Baishakh 10, 13:00
3. Bank Details for Bid Document fee:- Bank: Rastriya Banijya Bank Ltd., Doti Branch, Office: Social Development Office Doti, Office Code no.: 3500171037, Account no.: 1000100200010000, Rajaswa(revenue)Shirshak no.: 14229 and For Bid Security:- Account Name: Province Account Unit Office Doti, Dharauti Account No: 4100100202030000
4. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit www.bolpatra.gov.np/egp or SDO, Doti, Email: sdo.doti1@gmail.com Phone no.: 9862790665.

**Office Chief**

### मोटरसाईकल हराएको सूचना

मिति २०८१/१२/१९ गते ४:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ८ पशुपतिमा पार्किङ गरी राखेको बा.प्र. ०२–०५४ प ३८०४ नंम्बरको गाडा कालो रङको 160cc पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी** : सुवास खत्री
**ठेगाना** : खाँडादेवी गा.पा ६, रामेछाप
**च्यासिस नं.**: MD2A92CX1RCC88540
**इन्जीन नं.**: TEXCRE57340
**सम्पर्क** : ९८६६६६५०८५

### अजिमा बचत तथा ऋृण सहकारी संस्था लि.
**बनेपा न.पा वडा नं.-७ भिमसेनस्थान, फोन नं. ०११-६६२८३८**

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/०१/०३ गते

उपरोक्त सम्बन्धमा देहायको विवरण भएका यस संस्थाका शेयर सदस्यले बिभिन्न शिर्षकमा कर्जा लिई संस्थासँग गरेको शर्त कबुलियतको पालना नगरी नियमित रुपमा मासिक वा दैनिक किस्ताबन्दीको रकम तथा कर्जाको साँवा, व्याज, हर्जना शुल्क नबुझाई भाका नघाई बाँकी बक्यौता राखेकोले संस्थाको तर्फबाट पटक पटक निज ऋृणीहरुलाई भेटघाट गरी वा लिखित पत्रचार गरी संस्थामा उपस्थित भै आफुले लिएको कर्जाको बाँकी बक्यौता बुझाउन आउनु होस भनि अनुरोध गर्दा वेवास्ता गरी बाँकी बक्यौता राखी बसेकोले कर्जा चुक्ता गर्ने सम्बन्धि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भै आफुले लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा विलम्व शुल्कको बाँकी बक्यौता बुझाउन आउनु वा सो बुझाई सकेको भए सो को प्रमाण पेश गर्न आउनु होला । नआएमा, सहकारी ऐन २०७४ को दफा ७९, ८३ र ८४ तथा सहकारी नियमावली नियम ३० तथा प्रचलित कानून बमोजिम धितो सुरक्षण दिएको भए धितो सुरक्षण दिएको अचल सम्पत्ति लिलाम बिक्रि गरी असुल उपर गरीनेछ। लिलाम बिक्रि गर्दा सम्पूर्ण रकम असुल उपर नभई बाँकी बक्यौता बसेमा वा र धितो सुरक्षण नदिएको भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालतमा नालेश दायर गरी बाँकी बक्यौता रकम देहायका ऋृणी र निजका एकाघर सगोलका अंशियार को नाउमा रहेको चल अचल सम्पत्ति समेत रोक्का राखी असुल उपर असुल उपर गरिने व्यहोरा देहायका ऋृणीहरुको जानकारीको यो सूचना प्रकाशित गरीएको छ ।

| क्र. स. | ऋृणीको नाम, थर, वतन तथा तीनपुस्ते बिबरण | ऋृणीको फोटो |
|---|---|---|
| १. | ऋृणीको नाम: निरन्जन जस्पाउ<br>बाबुको नाम: रत्नशंकर जस्पाउ<br>बाजेको नाम: कृष्णबहादुर जस्पाउश<br>ठेगाना: का.प.जि.बनेपा न.पा. वडा न.१० परीवर्तित भै ऐ वडा न.७ | |
| २ | ऋृणीको नाम थर: श्रीनारायण श्रेष्ठ<br>बाबुको नाम: जीत बहादुर श्रेष्ठ<br>बाजेको नाम: भिम बहादुर श्रेष्ठ<br>ठेगाना: पाँचखाल नगर पालिका वडा नं.६, काभ्रे | |
| ३ | ऋृणीको नाम: रामकृष्ण भुजेल<br>बाबुको नाम: भिमसेन भुजेल<br>बाजेको नाम: हस्त ब. भुजेल<br>ठेगाना: धुलिखेल न.पा.९ दारिमबोट, काभ्रे | |
| ४ | ऋृणीको नाम थर: रितादेबी श्रेष्ठ<br>पतिको नाम: श्रीनारायण श्रेष्ठ<br>ससुराको नाम: जीत बहादुर श्रेष्ठ<br>ठेगाना: पाँचखाल नगर पालिका वडा नं.६, काभ्रे | |
| ५ | ऋृणीको नाम: गोपाल कृष्ण श्रेष्ठ<br>बाबुको नाम: कृष्ण बहादुर श्रेष्ठ<br>बाजेको नाम: आशामरु श्रेष्ठ<br>ठेगाना: काठमाण्डौं म.न.पा वडा नं.१७ खुसिबु | |
| ६ | ऋृणीको नाम थर: कृष्ण बहादुर श्रेष्ठ<br>बाबुको नाम: आशामरु श्रेष्ठ<br>बाजेको नाम: ज्ञान नारायण श्रेष्ठ<br>स्थाई ठेगाना: काठमाण्डौ जिल्ला शंखरापुर ९<br>हाल: काठमाण्डौ म.न.पा १७ खसिबु | |
| ७ | ऋृणीको नाम: रोज अर्याल<br>पतिको नाम: उपेन्द्र प्रसाद अर्याल<br>ससुराको नाम: गोपाल प्रसाद अर्याल<br>बाबुको नाम: देवी प्रसाद अधिकारी<br>ठेगाना: काठमाण्डौं म.न.पा वडा नं.१६ | |
| ८ | ऋृणीको नाम थर: राजकुमार प्रजापती<br>बाबुको नाम: भिमसेन अवाल<br>बाजेको नाम: मोती लाल अवाल<br>ठेगाना: साविक बनेपा न.पा वडा नं.४, हाल बनेपा ७ मा बस्ने | |
| ९ | ऋृणीको नाम: माला गुरुङ्ग<br>बाबुको नाम: टिका राम गुरुङ्ग<br>बाजेको नाम: गर्भे गुरुङ्ग<br>स्थायी ठेगाना: लमजुङ्ग बेशी शहर ३<br>ठेगाना: काठमाण्डौं म.न.पा वडा नं.३ | |
| १० | ऋृणीको नाम: गीता श्रेष्ठ<br>पतिको नाम: बिदिप कायस्थ<br>ससुराको नाम: बिष्णुभक्त कायस्थ<br>ठेगाना: बनेपा न.पा वडा नं.५, काभ्रे | |
| ११ | ऋृणीको नाम थर: उषा कुमारी टिवडेवाल<br>ठेगाना: काठमाण्डौं म.न.पा १८<br>ससुराको नाम: गोविन्द राम गुप्ता अग्रवाल<br>पतिको नाम: महेश गुप्ता अग्रवाल | |
| १२ | ऋृणीको नाम थर: मेनुका चुडाल<br>बाबुको नाम: भोलानाथ चुडाल<br>बाजेको नाम: ब्रम्हलाल चुडाल<br>ठेगाना: झापा गरामनी ९ भै हाल बनेपा ९ बस्ने | |
| १३ | ऋृणीको नाम थर: भवानीश्वरी पालिखेल<br>पतिको नाम: अनिल भक्त मल्ल<br>बाबुको नाम: ईश्वरी प्रसाद पालिखेल<br>ससुराको नाम: कमल भक्त प्रधानाङ्ग<br>ठेगाना: भक्तपुर जिल्ला भक्तपुर न.पा ७ | |
| १४ | ऋृणीको नाम थर: सुरेन कुमार श्रेष्ठ<br>बाबुको नाम: रामकाजी श्रेष्ठ<br>बाजेको नाम: दल बहादुर श्रेष्ठ<br>ठेगाना: बनेपा न.पा वडा नं ७, काभ्रे | |

केपी ओली कप क्रिकेट

# अत्तरिया र मालपोखरी विजयी



**पोखरा/मस–** पोखरामा जारी दोस्रो संस्करणको केपी ओली कप राष्ट्रिय पुरुष टी-२० क्रिकेट प्रतियोगितामा अत्तरिया क्रिकेट एकेडेमी र मालपोखरी क्रिकेट क्लबले जित हासिल गरेको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको ११औं दिन समूह 'डी'तर्फ मंगलबार भएको पहिलो खेलमा अत्तरिया क्रिकेट एकेडेमीले होरिजोन क्रिकेट क्लबलाई ४ विकेटले हराएको छ । १४० रनको विजयी लक्ष्य पाएको अत्तरियाले १८.२ ओभरमा ६ विकेट गुमाउँदै १४१ रन बनायो ।

ओपनर अभिशेषक पललाई शुन्यमै गुमाएको अत्तरियाका लागि दोस्रो ओपनर विपिन रावलले इनिङ उकास्ने प्रयास गर्दा २६ रनमा आउट भए । चौथो विकेटका लागि क्रिजमा पुगेका टेक रावतले उत्कृष्ट प्रदर्शनी गर्दै ६१ रनको अविजित पारी खेले । उनले ४२ बलमा ९ चौका र १ छक्का प्रहार गरे । हिकमत महर १३ रनमा अविजित रहे । उनले ८ बलमा ३ चौका प्रहार गरे । निश्चल क्षेत्री ५, अर्जुन विक १६, खगेन्द्र जोशी ८ र वसन्त खत्री १ रनमा आउट भए । होरिजोनका लागि तुलबहादुर थापा र सुवम खनालले २/२ तथा महेश भार र निर्मल गुरुङले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको होरिजोन क्रिकेट क्लबले १९.१ ओभरमा १० विकेट गुमाउँदै १४० रन बनायो । होरिजोनको सुरुवात राम्रो हुन सकेन । दुवै ओपनरलाई शुन्यमा गुमाएको होरिजोनका लागि चौथो विकेटका लागि आएका कमल विष्टले इनिङ उकास्ने काम गरे । विष्टले ३९ रनको उत्कृष्ट पारी खेल्दै आउट भए । उनले ४६ बलमा ३ चौका र १ छक्का प्रहार गरे ।

विप्रस केसीले ३५ रन बनाउँदै नटआउट रहे । उनले १५ बलमा ४ चौका र २ छक्का प्रहार गरे । नरबहादुर सार्की २७ रनमा आउट भए । उनले १३ बलमा ३ चौका र २ छक्का प्रहार गरे । निर्मल गुरुङले १३ रन जोडे । ओपनर निश्चल ज्ञवाली र अमर मिश्र शुन्यमै पेभिलियन फर्किए । सुमन पाण्डे १, तुलबहादुर थापा ४, आरिफ खान ५, महेश भार १ र सुवम खनाल ३ रनमा आउट भए । अत्तरियाका लागि बसन्त खत्रीले १.१ ओभरमा ४ रन दिदैं ३ विकेट लिए । भोजराज भट्टले ४ ओभरमा १७ रन खर्चेर ३ विकेट लिए । सुशिल साउदले २ तथा हिकमत महर र अर्जुन विकले समान १/१ विकेट लिए । खेलको प्लेयर अफ दी म्याच टेक रावत घोषित भए ।

मालपोखरी क्रिकेट क्लबले सुन्दर हरैचा क्रिकेट क्लबलाई ४ विकेटले हराएको छ । १२९ रनको विजयी लक्ष्य पाएको मालपोखरीले १७.३ ओभरमा ६ विकेट गुमाउँदै १३१ रन बनायो । ओपनर आतिश दासलाई ९ रनमा गुमाएको मालपोखरीका लागि तेस्रो विकेटका लागि क्रिजमा आएका विजय गुप्ताले ५९ रनको उत्कृष्ट पारी खेल्दै रन आउट भए । उनले ४६बलमा ८ चौका र २ छक्का प्रहार गरे । डब्लुमलिक १० रनमा आउट भए । सोहन कुमार यादव १३, रनभिर यादव १४ र जितेश मन्डल शून्यमा आउट भए भने चन्दन यादव र आशिष सिग्देल समान ४ रनमा नटआउट रहे । सुन्दर हरैचाका लागि समिर कार्कीले २ तथा सन्दीप ढुंगाना, प्रकाश कार्की र ओमकार यादवले १/१ विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ थालेको सुन्दर हरैचाले २० ओभरमा १२८ रन बनाउँदै अलआउट हुन पुग्यो । समिर कार्कीले ३१ रन बनाए उनले १९ बलमा २ चौका ३ छक्का प्रहार गरे । मिर्नल गुरुङ १९, मनिष थापा १०, रुपक बराल १७, गौरव कटवाल १४ सन्दिप ढुंगाना १४ रनमा आउट भए । ओपनर रितेश राय १, रोहन शाह ५, ओमकार यादव १, समिर तिम्सिना २ रनमा आउट भए । मालपोखरीका लागि सिराज हवारी र जितेश मन्डलले २-२ तथा सनिदप खड्का, पंकज यादव र सोहन कुमार यादवले समान १-१ विकेट लिए । मालपोखरीका विजय गुप्ता प्लेयर अफ दी म्याच घोषित भए । २ खेलमा २ जित हासिल गरेको अत्तरिया ४ अंकका साथ शीर्ष स्थानमा उक्लिएको छ । २ खेलमा १ जित १ हार सहित २ अंक रहेको होरिजन रन रेटको आधारमा दोस्रो स्थानमा रहँदा मालपोखरी तेस्रो स्थानमा रहेको छ । सुन्दर हरैचा २ खेलमा २ हारसहित तालिकाको पुछारमा रहेको छ । प्रतियोगिताअन्तरगत समूह चरणको अन्तिम खेलमा भोलि समूह डी कै खेल हुनेछन् । पहिलो खेलमा होरिजोनले सुन्द हरैचाको सामना गर्ने छ भने अत्तरियाले मालपोखरीको सामना गर्नेछ । समूहको शीर्ष टोली अन्तिम चारमा पुग्ने छ ।

# अन्तर्राष्ट्रिय जुडो प्रतियोगिता बिहीबारदेखि




**काठमाडौं/मस–** नेपाल खेलकुद महासंघ (नेकोस) तथा राष्ट्रिय जुडो संघ नेपालको संयुक्त आयोजनामा सातौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगिता हुने भएको छ ।

बिहीबारदेखि हुने प्रतियोगितामा नेपालका विभिन्न जिल्ला/क्लब, भुटान र थाइल्यान्डका दुई सय ५० खेलाडीको सहभागिता रहने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । संघका अध्यक्ष धर्मकुमार श्रेष्ठकाअनुसार पुरुषमा १२ र महिलामा ११ स्पर्धामा २१ वर्षमुनिका खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । वैशाख ४ गते ११ तथा वैशाख ५ गते १२ स्पर्धाको फाइनल हुनेछ ।

सोही प्रतियोगिताअन्तर्गत नेकोस र जुडो संघसहित नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघको संयुक्त आयोजनामा प्रथम पारा जुडो प्रतियोगिता पनि हुनेछ । पुरुषमा ६० किलोग्राम (केजी) मुनि तथा महिलामा ५२ केजीमुनि तौल समूहमा खेल खेलाइने छ ।

यसै प्रतियोगिताबाट जापानमा नोभेम्बरमा हुने डेफ ओलम्पिकमा सहभागी हुने खेलाडीको छनोट गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिए । दुईदिने प्रतियोगिताका खेलहरू खुसीबुँस्थित बहुउद्देश्यीय मार्सल आर्ट्स केन्द्रमा हुनेछन् ।

पत्रकार सम्मेलनमा सन् २००८ को बेइजिङदेखि २०२० को टोकियासम्म लगातार चार ओलम्पिक खेलेकी तथा विश्व जुडो च्याम्पियनसिपमा दुई कास्य जितेकी अस्ट्रियाकी सब्रिना फिल्मोसरको पनि उपस्थिति रहेको थियो ।

# उसु टोली सिक्किम प्रस्थान



**काठमाडौं/मस–** प्रथम मुख्यमन्त्री सिक्किम उसु प्रो नाइट फाइटमा सहभागी हुन मार्सल आर्ट्स अर्गनाइजेसन नेपालबाट ५ खेलाडीसहित ८ सदस्यीय टोली मंगलबार सिक्किमको गङटोक प्रस्थान गरेको छ । बुधबार हुने प्रतियोगितामा विभिन्न ५ तौल समूहमा नेपाल र सिकिम्मका खेलाडीहरुले प्रतिस्पर्धा गर्ने छन् ।

अप्रिल १६ तारिखमा हुने प्रतियोगितामा नेपालबाट मिलन राईले ५२ केजी, निश्चल तामाङले ५६ केजी, कमल आचार्य ६० ले केजी, मिलन तामाङले ६५ केजी र विनोद श्रेष्ठले ७० केजी तौलसमूहमा प्रतिस्पर्धा गर्ने छन् ।

प्रशिक्षकमा राजिव महर्जन, टिम व्यवस्थापकमा किरणसिंह साउद र निर्णायकमा शंकर भुजेल टोलीसंग सिक्किम जाने छन् । हरेक स्पर्धामा पहिलो हुनेले ५० हजार तथा दोश्रोले २० हजार भारतीय रुपैयाँ नगद पुरस्कार पाउने छन् ।

टोलीलाई कीर्तिपुर नगरपालिकाका मेयर कृष्णमान डंगोलले बिदाइ गर्नुका साथै टोलीलाई व्यक्तिगत रुपमा ट्र्याकसुट पनि प्रदान गरेको प्रशिक्षक महर्जनले जनाएका छन् ।


## सामाजिक विकास मन्त्रालय
### धनगढी, कैलाली

**E–Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०२**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त फर्म/ कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सूचना पेश गरिएको छ । विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S. N. | Contract Identification Number | Description of Work | Total Cost |
|---|---|---|---|
| 1 | SDO/Goods/NCB/ 2081/82/01 | Supply and Delivery of 4 WD Pickup and Food Delivery Van | 94,98,000/- |

**कार्यालय प्रमुख**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**ठेक्का स्वीकृतीको आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०१/०३**

उपर्युक्त विषयमा मिति २०८१/१२/०१ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/WORKS/NCB/12/081/082 | Upgrading of Lekhanargi, Majhamela to Narji Road. Chaurjahari Municipality- 7 & 9, Rukum (West) | M.B. Construction Chaurjahari Municipality-02, Rukum (West) | 15,63,497.72 NPR |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

### हिमालयन इन्जिनियरिङ सोलुसन प्रा.लि. काठमाडौंलाई
**खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७९/०४/१९ मा दर्ता भएको प्रा.लि.नं. २९५४६७/०७९/०८० रहेको यस हिमालयन इन्जिनियरिङ सोलुसन प्रा. लि. का शेयरधनीहरुको मिति २०८१/१२/३० मा सम्पन्न साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रकिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवम् कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दाबी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
नामः नारायण प्रशाद शर्मा — इजाजतपत्र नं. ४४१
ठेगानाः का.म.न.पा २८, काठमाडौं । — सम्पर्क नम्बर ९८५११२८५२०

### सानिमा बैंक लिमिटेडको क्रेडिट कार्ड कर्जा उपभोग गर्ने ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०१/०३)

तपसिलमा उल्लेखित तपाई ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा प्रचलित कानुन तथा बैंकको नियम बमोजिम कर्जा असुलीको आवश्यक कानुनी प्रकृया अगाडि बढाईने ब्यहोरा यसै सुचना मार्फत जानकारी गराउदछौं । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत जानकारी गराउदछौं ।

**तपसिलः**

| |
|---|
| **क्रेडिट कार्ड लिनेको नाम, थर र ठेगानाः** |
| **शाखा कार्यालय नेपालगंजको ऋणीः** |
| मनोरथ नाथ उपाध्यायको नाती, विश्वनाथ प्रसाद उपाध्यायको छोरा बाँके जिल्ला, भेरी गंगा न.पा/गा.वि.स. वडा नं. १२ बस्ने **उमेश सापकोटा ।** |
| **शाखा कार्यालय भैरहवाको ऋणीः** |
| समरथी बनियाको नाती, जोगिन्दर बनियाको छोरा, रूपन्देही जिल्ला, पडसरी उ.म.न.पा/गा.वि.स. वडा नं. ०१ बस्ने **मुकेश अग्रहरी ।** |
| **शाखा कार्यालय सातदोबाटोको ऋणीः** |
| बिन्दा ठाकुर लोहारको नाती, चन्देश्वर ठाकुरको छोरा रौतहट जिल्ला, कटहरिया गा.पा. वडा नं. ०९ बस्ने **रंजित शर्मा ठाकुर ।** |
| **शाखा कार्यालय कुमारीपाटीको ऋणीहरूः** |
| पुर्ण बहादुर थापाको नाती, अविन राज थापाको छोरा, ललितपुर जिल्ला, ललितपुर (ढोलाहिटी) वडा नं. ०८ बस्ने **विकाश थापा ।** |
| प्रेम बहादुर कार्कीको नाती, गजेन्द्र बहादुर कार्कीको छोरा सर्लाही जिल्ला, हरिवन वडा नं. ०९ बस्ने **केशव देव कार्की ।** |
| **शाखा कार्यालय गौशालाको ऋणीः** |
| जनार्धन पोखरेलको नाती, मुक्ति राज पोखरेलको छोरा, कपिलवस्तु जिल्ला, बुद्धवाटिका न.पा. वडा नं. १५ बस्ने **मधुसुदन पोखेल ।** |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

### युएईमा रोजगार
कम्पनी : KHIDMAH L.L.C. — शहर : ABU DHABI — LT. No.: 305305
पूर्व स्वीकृत मितिः २०८१/०२/११ — चलानी नं.: ६०२१९९६८ — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 100 | स. काममा दक्ष | 800 | २९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १० गते (23 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LMP Govt.Lic.No. 1679/080/81
**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370906, Email: leadingmanpower.recruitnepal@gmail.com

गो.द.का.द.नं. ३३/०६९/०७०
३ वैशाख २०८२ बुधबार
16 April 2025, Wednesday

# पर्यटन र सूचना प्रविधि क्षेत्रमा विदेशी लगानी अत्यधिक

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

चालु आर्थिक वर्षको ९ महिनामा पर्यटन र सूचना प्रविधि क्षेत्र विदेशी लगानीको सबैभन्दा धेरै आएको छ । उद्योग विभागको तथ्यांकअनुसार कुल विदेशी लगानी चार सय ८० वटा उद्योगमा लगानीको प्रतिबद्धता आएको छ । त्यसमध्ये सबैभन्दा धेरै एक सय ८९ पर्यटक मुलक उद्योग र सुचना प्रविधिमा एक सय ८५ क्षेत्रबाट लगानीको प्रतिबद्धता आएको हो । पर्यटन क्षेत्रका उद्योगका लागि १८ अर्ब ३८ करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ भने सूचना प्रविधि क्षेत्रका उद्योगका लागि एक अर्ब ११ करोड १६ लाख रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ।




नेपालमा लगानीको वातावरण छैन भन्ने भाष्य सृजना भइरहेको अवस्थामा विदेशी लगानीकर्ता भने नेपालको पर्यटक र सूचना प्रविधी क्षेत्रमा लगानी गर्न इच्छुक देखिएका छन् । चालु आर्थिक वर्षको ९ महिनाको तथ्यांकअनुसार नेपालमा ५७ अर्ब ९७ करोड ५४ लाख रुपैयाँ भन्दा बढीको लगानी प्रतिबद्धता आएको छ । विदेशी लगानीमा ठूला, मझौला भन्दा पनि साना उद्योगमा विदेशी लगानी बढी छ। चार सय ८० वटा उद्योगमध्ये चार सय ६८ साना उद्योगमा विदेशी लगानीको प्रतिबद्धता आएको छ। तर, ठूला र मझौला उद्योगमा भने विदेशी लगानीको प्रतिबद्धता आएको छैन। विभागकोअनुसार ९ महिनामा चार वटा ठूला उद्योग र आठ वटा मझौला उद्योगमा विदेशी लगानी आएको छ।

यस्तै, उत्पादनमूलक उद्योगमा ३४ वटा, उर्जामूलक एक वटा, कृषि क्षेत्रमा सात वटा, सेवा मुलक उद्योगमा ६३ र एक वटा पुर्वाधारमूलक प्रोजेक्टमा विदेशी लगानीको प्रतिबद्धता आएको विभागका महानिर्देशक राजेश्वर ज्ञवालीले जानकारी दिए। सेवा क्षेत्रका उद्योगमा ३४ अर्ब ९२ करोड ७७ लाख, उत्पादनमूलक क्षेत्रका उद्योगका लागि दुई अर्ब ७४ करोड २० लाख, उर्जा क्षेत्रमा २५ करोड ५० लाख, कृषिमा ७६ करोड १० लाख तथा पूर्वाधार क्षेत्रका उद्योगमा दुई करोड बराबरको लगानी प्रतिबद्धता आएको छ।

विदेशी लगानी प्रतिबद्धताअनुसार लगानी भित्रिएमा चालु आर्थिक वर्षको ९ महिनाको लगानीबाट १२ हजार चार सय ३५ जनाले थप रोजगारी सृजना हुन सक्ने विभागको प्रक्षेपण छ। विभागकाअनुसार चैत महिनामा मात्रै ५३ उद्योगका लागि १३ अर्ब ३१ करोड ५१ लाख रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ।

## कर्पोरेट

### लुम्बिनी विकास बैंकद्वारा पर्वतारोही शेर्पालाई ब्यानर हस्तान्तरण



**काठमाडौं/मस** – लुम्बिनी विकास बैंक लिमिटेडले किर्तिमानी पर्वतारोही कामी रिता शेर्पा बैंकको लोगो अंकित ब्यानर हस्तान्तरण गरेको छ । ३१औं पटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहणको लागि जान लागेको अवसरमा सफलताको शुभकामना कार्यक्रम आयोजना गर्दै बैंकले शेर्पालाई बैंकको लागो अंकित ब्यानर हस्तान्तरण गरेको हो ।

बैंकको लोगो अंकित ब्यानर दुई पटकसम्म सर्वोच्च शिखर सगरमाथामा किर्तिमानी पर्वतारोही कामी रिता शेर्पाले लगिसकेका छन् । उक्त कार्यक्रममा पुनः तेश्रो पटक सो बैंकको लोगो अंकित ब्यानर सर्वोच्च शिखर सगरमाथामा पुऱ्याउनको लागि बैंकका प्रमुख कार्यकारी अधिकृत नरेशसिंह बोहराले शेर्पालाई हस्तान्तरण गरेका थिए । पर्वतारोही शेर्पा बिगत दुई दशकदेखि लुम्बिनी विकास बैंकमा 'निरन्तर सहयात्री' बनी आबद्ध छन् । यो किर्तिमानी आरोहण आफ्नो लागि मात्र नभएर आफ्नो परिवार, शेर्पा समाज तथा सम्पूर्ण नेपालको लागि ३१औं आरोहण गर्न लागेको र उनको साहसिक कार्यले लुम्बिनी विकास बैंकलाई गौरवान्वित बनाएको बैंकले जनाएको छ ।

### सिटिजन्सद्वारा रक्षा नेपाललाई सहयोग




**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले रक्षा नेपाललाई विभिन्न सामग्री सहयोग गरेको छ । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत यौन शोषणमा परेका बालिका र महिला, विशेषगरी बेचबिखन र यौन हिंसाको जोखिममा परेका बालबालिकाको सुरक्षाको लागि प्रशंसनीय कार्य गर्दै आएको संस्था रक्षा नेपाललाई दैनिक उपभोग्य खाद्यान्न सामाग्री र स्यानिटरी प्याड सहयोग प्रदान गरेको हो ।

दुई दशकदेखि विभिन्न हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको सुरक्षा र पुर्नस्थापनामा लागिपरेको संस्था रक्षा नेपालले उनीहरूलाई सीप, शिक्षा, काउन्सेलिङ, कानुनी सहयोग, आत्मरक्षा र आत्मजागरूकतामार्फत् आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ । बैंकले एक समारोहकाबीच रक्षा नेपाललाई सामाग्रीहरू हस्तान्तरण गरेको हो ।

बैंकको यो सहयोगप्रति धन्यबाद ज्ञापन गर्दै उनीहरूले आगामी दिनमा पनि महिला र बालबालिकाको अधिकारको लागि कार्यहरू गर्दै जान हौसला मिलेको कुरा बताइन् । समाजमा उल्लेखनीय मानवीय कार्य गर्दै आएको संस्थालाई सहयोग गर्न पाँउदा संस्थाको संचालनमा केही सहजता हुने विश्वास बैंकले लिएको छ ।

### समृद्धि फाइनान्सका सीईओ सन्तोष घिमिरेले सम्हाले जिम्मेवारी



**काठमाडौं/मस** – समृद्धि फाइनान्सका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरेले पदभार ग्रहण गरेका छन् । उनले बैशाख २ गते मंगलबार अध्यक्ष ठाकुरप्रसाद भट्टराईसँग सपथ ग्रहण गरेसँगै पदभार ग्रहण गरेका हुन् । सञ्चालक समितिको फागुन २८ गते सम्पन्न ५१४औं बैठकले घिमिरेलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरेको थियो। नेपाल राष्ट्र बैंकमा ३० वर्ष सेवा गरी अवकाश लिएका घिमिरेसँग गोर्खाज फाइनान्समा प्रमुख कार्यकारी अधिकृत भई कार्य गरेको अनुभव समेत रहेको छ। उनीसँग नेपाल राष्ट्र बैंकमा नै रहँदा समस्यग्रस्त नेपाल शेयर मार्केट फाइनान्समा व्यवस्थापन प्रमुख भएर कार्य गरेको अनुभव समेत रहेको छ । नियामक निकाय र वित्तीय संस्थामा कार्यानुभव भएका घिमिरेको कार्यकालमा फाइनान्सले समृद्धिको यात्रा चुम्ने विश्वास संस्थाले लिएको छ ।

### 'रिलायबल समृद्धि योजना' बिक्री खुल्ला

**काठमाडौं/मस** – 'रिलायबल सामूहिक लगानी कोष' अन्तर्गत सञ्चालन हुने पहिलो बन्दमुखी योजना 'रिलायबल समृद्धि योजना' बुधबारबाट बिक्री खुल्ला हुने भएको छ। रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, कोष प्रवर्द्धक तथा रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको सो फन्ड बुधबारबाट बिक्री खुल्ला हुने भएको हो ।

जसको आकार एक अर्ब रहेको छ । जस मध्ये आठ करोड ५० लाख इकाई अथवा ८५ करोड रुपैयाँ बराबरको सार्वजनिक निष्काशनमार्फत् बिक्री खुल्ला गरिएको छ । यस योजना बन्दमुखी प्रकृतिको योजना भएकोले यसका इकाईहरू धितोपत्र बजारमा सूचिकरण भई सार्वजनिक निष्काशन पश्चात सामूहिक लगानीकोष नियमावली, २०६७ बमोजिम धितोपत्र बजारमा खरिद बिक्री गर्न सकिनेछ । यस योजनाको वार्षिक औषत प्रतिफल १७.७३ प्रतिशत प्रक्षेपण गरिएको छ। रिलायबल सामूहिक लगानी कोषको सार्वजनिक निष्काशन बैशाख ३ गतेदेखि छिटोमा ७ गते र ढिलोमा

Reliable Life
INSURANCE LTD.
...Reliable Forever

१७ गतेसम्म खुल्ला हुने जनाइएको छ । इच्छुक लगानीकर्ताहरूले (व्यक्ति तथा संस्था) यस योजनामा न्यूनतम एक हजार देखि अधिकतम १० करोड सम्म लगानीका लागि आवेदन दिन सक्नेछन् ।


### दराजद्वारा फ्युचर लिडर्स प्रोग्राम, २०२५ को आवेदन खुल्ला

**काठमाडौं/मस** – दराजले, दराज फ्युचर लिडर्स प्रोग्राम (डीएफएलपी) २०२५ को औपचारिक सुरुवातको घोषणा गरेको छ। नेपाल, पाकिस्तान, बंगलादेश र श्रीलंकामा एकैसाथ सञ्चालन गरिने यो ग्रुप-वाइड म्यानेजमेन्ट ट्रेनी कार्यक्रम हो।

१५ महिने घुम्ती कार्यक्रमका रुपमा चल्ने यो प्रोग्राम, सन् २०२५ को जुलाईदेखि सुरु हुने जानकारी दिइएको छ। कार्यक्रम अन्तर्गत सहभागीले कम्पनीका मुख्य विभागहरूमा संरचित तरिकाले घुम्ती प्रशिक्षण लिने अवसर प्राप्त गर्नेछन् । वरिष्ठ नेतृत्वको मार्गदर्शनमा उनीहरूले स्थानीय तथा अन्तर्राष्ट्रिय रणनीतिक टोलीसँग काम गर्ने अवसर प्राप्त गर्ने कम्पनीले जानकारी दिएको छ।

डीएफएलपी २०२५ हालै, १ वर्षभित्र स्नातक गरेका, शैक्षिक उत्कृष्टता र विश्लेषणात्मक क्षमतामा अब्बल, उत्साही र प्रेरित युवाहरूका लागि खुला गरिएको छ। उपयुक्त उम्मेदवारमा टीमवर्क, नेतृत्व क्षमताको सम्भावना, प्रभावकारी संवाद कौशल तथा अनुकुलनशीलता देखिनु आवश्यक रहेको कम्पनीले जानकारी दिएको छ । आवेदन ८ बैशाखदेखि १४ दिनसम्म खुला रहने छ। इच्छुक उम्मेदवार हरूले दराजको करियर पृष्ठमार्फत् आफ्नो उम्मेदवारीका लागि अनलाइन आवेदन दिन सक्ने जनाइएको छ । विभिन्न चरणको छनोट प्रक्रियामार्फत् दराजले देशभरका विश्वविद्यालयहरूबाट योग्य युवाहरूको छनोट गर्नेछ ।

# अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि कम्पनी बनाइने



**काठमाडौं/मस** – नेपाल-भारतबीच अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि दुवै देश सम्मिलित कम्पनी स्थापना गर्न सम्झौतापत्रको मस्यौदा तयार गर्न लागिएको छ । गत माघ ९ गते नेपाल-भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औं बैठकले चार सय केभीको इनरुवा-न्यु पूर्णिया र दोदोधरा-बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति गरेसँगै दुवै देशको छलफलमा सम्झौतापत्रको मस्यौदा तयार गर्न लागिएको हो ।

दुई देशका सचिवस्तरीय बैठकपश्चात् संयुक्त उपक्रम सम्झौता (ज्वाइन्ट भेन्चर अग्रिमेन्ट) को मस्यौदा अन्तिम चरणमा पुगेको हो । नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसनबीच सहकार्यमा कम्पनी स्थापना गरी निर्माणको प्रक्रिया सुरु हुन लागेको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालको विद्युत् व्यापारलाई अन्तर्राष्ट्रियस्तरमा लैजान 'रणनीतिक प्रसारण पूर्वाधार निर्माण' लाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । नेपाल-भारतबीच १० वर्षमा १० हजार मेगावाट विद्युत निर्यात गर्ने दीर्घकालीन विद्युत व्यापार सम्झौता भइसकेको छ ।

मन्त्री खड्काको नेतृत्वमा तयार पारिएको ऊर्जा विकास मार्गचित्र तथा कार्यान्वयन योजना-२०८१ मा सन् २०३५ सम्म भारतमा १० हजार मेगावाट र बंगलादेशमा पाँच हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य राखिएको छ । उक्त लक्ष्य पूरा गर्न इनरुवा-न्यू पूर्णिया प्रसारण लाइन सन् २०२८/२९ भित्र र दोधारा-बरेली प्रसारण लाइन सन् २०२९/३० भित्र सम्पन्न गरिसकिने छ ।

दुई वर्षदेखि छलफल सुरु भएको यी प्रसारण लाइनको लगानी मोडालिटीमा पनि उक्त बैठकले समझदारी जुटाएको थियो । चार सय केभी दोधारा-बरेली प्रसारण लाइनमा भारततर्फ १५० किलोमिटर र नेपालतर्फ करिब ३५ किलोमिटर, इनरुवा-पूर्णियामा नेपालतर्फ २५ किलोमिटर र भारततर्फ एक सय किलोमिटर दूरी हुनेछ । यसका लागि नेपालतर्फको प्रसारण लाइन नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत र भारतको पावर ग्रिडको ४९ प्रतिशत तथा भारततर्फको प्रसारण लाइनका लागि भारतको ५१ प्रतिशत र ४९ प्रतिशत नेपाल विद्युत् प्राधिकरणको स्वपुँजी रहने गरी संयुक्त उपक्रमको मोडालिटीमा निर्माण गर्ने सहमति भएको थियो । उक्त बैठकमा ऊर्जा निर्यात प्रवर्द्धन गर्न निजगढ-मोतीहारी, कोहलपुर-लखनऊ र चमेलिया-जलजिबी प्रसारण लाइनको अध्ययन तथा निर्माण कार्य पनि क्रमशः अघि बढाउने सहमति भएको थियो ।

## वित्त आयोगको ऋणसम्बन्धी सिफारिस

# संघलाई जीडीपीको ५ र प्रदेश तथा स्थानीय तहलाई राजस्वको १२ प्रतिशत



**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष तीन तहका सरकारले उठाउन पाउने आन्तरिक ऋणको सीमा सिफारिस गरेको छ । आगामी आर्थिक वर्षका लागि आन्तरिक ऋण उठाउँदा संघ सरकारले मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशत र प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोत तथा वित्तीय हस्तान्तरणबाट प्राप्तसमेत कुल राजस्वको १२ प्रतिशतभन्दा बढी नहुनेगरी ऋण उठाउन पाउने व्यवस्था भएको छ ।

'देशको समष्टिगत आर्थिक स्थिति, राजस्व तथा खर्चको अनुमान र बजार सहजताको विश्लेषण गरी सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ', आयोगको सिफारिसमा भनिएको छ। आन्तरिक ऋण उठाएर पुँजी सिर्जना गर्ने क्षेत्रमा मात्र सरकारले लगानी गर्नुपर्ने सुझाव दिइएको छ। राष्ट्रिय नीति तथा योजनामा आधारित भई लागत-लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर वा खुद वर्तमान मूल्य उपयुक्त भएका परियोजना, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यकालीन खर्च संरचनाअन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि मात्र आन्तरिक ऋण उठाउन आयोगको सिफारिस छ।

प्रदेश र स्थानीय तहहरूले भने तोकिएको कानूनी प्रक्रिया पूरा गरेर मात्रै ऋण उठाउन सक्नेछन्। यसअघि संघ सरकारको अनुमतिविना प्रदेशहरूले घाटा बजेट ल्याएर आन्तरिक ऋणलाई स्रोतका रूपमा देखाउने गर्दथे । तर, वित्त आयोगले प्रक्रिया पूरा गरेर मात्रै आन्तरिक ऋणलाई स्रोतका रूपमा देखाउन भनेको छ।

'प्रदेश सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछन्', सिफारिसमा भनिएको छ । प्रदेशहरूले पनि आन्तरिक ऋण उठाएको रकमलाई पुँजी सिर्जना गर्ने र गौरवका आयोजनामा लगानी गर्नुपर्ने छ ।

प्रदेश सरकार मात्र नभई स्थानीय तहहरुले पनि आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षका लागि स्थानीय तहहरूले संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र उनीहरुको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशत नबढ्ने ऋण उठाउन सक्नेछन् ।

**'पुँजी सिर्जना गर्ने आयोजनामा मात्र लगानी गर्नू'**

वित्त आयोगले पुँजी सिर्जना गर्ने र प्रतिफल दिने आयोजनामा लगानी गर्नका लागि मात्र ऋण लिन सरकारलाई सिफारिस गरेको छ । चालु खर्च धान्न ऋण उठाउन नहुने आयोगले जनाएको छ। 'आन्तरिक ऋणको उपयोग रोजगारीका अवसर सिर्जना, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्नसक्ने आयोजनाहरूका लागि विनियोजन गरिनुपर्दछ। चालु र प्रशासनिक खर्चमा कडाईका साथ निषेध गरिनुपर्छ', आयोगको सिफारिस छ।

आयोजनाहरुको पुँजीको लागत भन्दा आन्तरिक प्रतिफल दर अधिक भएका नाफामूलक आयोजनामा ऋण लगानी गर्नुपर्ने छ । ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चिता हुनुपर्ने छ। आयोगको सिफारिसअनुसार उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने पूर्वतयारी सम्पन्न भएका आयोजनामा आन्तरिक ऋण परिचालन गर्न सकिनेछ।

यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भएबमोजिम सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरुले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रूपमा उल्लेख गर्नुपर्ने सुझाव आयोगको छ। तर प्रदेशहरूले भने आफुखुशी बजेट स्रोतका रुपमा आन्तरिक ऋण देखाउँदै आएका छन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**